# सङ्घीय संसद्
# राष्ट्रिय सभा
# उन्नाइसौं अधिवेशन
# कार्यवाहीको सम्पूर्ण विवरण
# ९ माघ २०८२
# शुक्रवार
# बैठक सङ्ख्या- २

राष्ट्रिय सभाको आजको बैठक सम्माननीय अध्यक्ष श्री नारायण प्रसाद दाहालको अध्यक्षतामा दिनको १३:१९ बजे प्रारम्भ भयो।

(१३:१९ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, राष्ट्रिय सभाको आजको बैठकको कार्यवाही प्रारम्भ हुन्छ। माननीय सदस्यहरू, १८ औँ अधिवेशन चल्दै गर्दा देशमा पैदा भएको विकसित राजनीतिक घटनाक्रम, त्यसबाट पैदा भएको राजनीतिक उथलपुथल र सरकारी एवम् निजी सम्पत्तिमा भएको पीडादायी अपूरणीय क्षतिकै बीचमा अधिवेशन अन्त भएको थियो। यही पीडाको बीचमा अथक मेहनतका साथ नेपालकै ऐतिहासिक स्थल सिंहदरबारस्थित पुरानो राष्ट्रिय सभाको हलमा पुनः यो १९औँ अधिवेशन चालु गर्न पाउँदा गर्वको अनुभूतिसहित यस अवसरमा म, माननीय सदस्यहरूलाई हार्दिक स्वागत गर्दै यो अधिवेशनको पूर्ण सफलताको शुभकामना व्यक्त गर्दछु।

माननीय सदस्यहरू, भदौ २३ र २४ गतेको जेनजी युवाहरूको आन्दोलनका कारणले गर्दा राष्ट्रिय सभाको अठारौं अधिवेशन प्रक्रियागत रुपले काम पूरा नहुँदै अन्त्य भएकोले उक्त अधिवेशनमा भए गरेका कामकारवाहीको संक्षिप्त विवरण सभासमक्ष प्रस्तुत गर्न सकिएन। आन्दोलनका क्रममा कतिपय अवाञ्छित घुसपैठ भई संघीय संसद भवन पनि आगजनी भई पूर्ण क्षति भयो। जेनजी आन्दोलनपछि देशमा उत्पन्न हरेक परिस्थितिका बारेमा माननीय सदस्यहरूलाई अवगत नै छ। प्रतिनिधि सभा विघटनसँगै नयाँ निर्वाचनको समेत जिम्मेवारी लिएर गठन भएको अन्तरिम सरकारले आगामी फागुन २१ गते प्रतिनिधि सभा सदस्यको निर्वाचन तोकेको छ र हामी निर्वाचनको अन्तिम संघारमा छौं। सरकार र राजनीतिक दलले निर्वाचनको तयारी गरिरहेका छन्। निर्वाचन आयोगले कार्यतालिका बनाएर निर्वाचनको कामलाई तीव्रता दिएको छ। साथै राष्ट्रिय सभाको पनि एक तिहाइ माननीय सदस्यहरूको नियमित समयावधि सकिनै लाग्दा यही माघ ११ गते १८ जना निर्वाचनद्वारा र केही समयपछि एक जना मनोनीत भएर सभामा नयाँ सदस्यहरू आउँदै हुनुहुन्छ। यस चालु अधिवेशनको अगाडि केही नयाँ चुनौतीका साथ थप नयाँ जिम्मेवारी हाम्रो काँधमा आएको अनुभूति भएको छ। त्यसकारण यस चालु अधिवेशनमा हामी हाम्रो जिम्मेवारी कुशलताका साथ पूरा गर्नुपर्नेछ। साथै प्रतिनिधि सभाको निर्वाचन भएर त्यसले काम शुरु नगर्दासम्म संघीय संसदको जिम्मेवारी पूरा गर्न व्यवस्थित र मर्यादित भएर कार्य पूरा गर्न पनि सबै माननीयलाई हार्दिक अपिल गर्दछु। जेनजी पुस्ताको भ्रष्टाचारविरोधी आन्दोलनबाट उत्पन्न परिस्थितिलाई राष्ट्र र राष्ट्रिय एकता ,संवैधानिक तथा लोकतान्त्रिक मूल्यमान्यतालाई ध्यानमा राख्दै समाधान गर्नुपर्ने छ। युवाहरूको माग सामाजिक न्याय र समावेशी लोकतन्त्रको विकाससँगै भ्रष्टाचार निवारण र सुशासन कायम गर्ने नै हो। संघीय

संसद यी लक्ष्यहरू पूरा गर्ने केन्द्रबिन्दु भएकाले यसलाई त्यही रूपमा सदुपयोग गर्न म सबै पक्षलाई अपिल गर्दछु। यस सन्दर्भमा सुशासन कायम गरी जनता र संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना गर्न र यसलाई सुदृढ गर्ने क्रममा आफ्नो जीवन बलिदान गर्ने सबै सहिदहरूप्रति भावपूर्ण श्रद्धासुमन अर्पण गर्दछु।

माननीय सदस्यहरू, यस सभामा हालसम्म उत्पत्ति भएका ६८ वटा विधेयकहरूमध्ये ३९ वटा विधेयक प्रमाणीकरण भइसकेका छन्। १२ वटा विधेयक सरकारले फिर्ता लिएको, प्रतिनिधि सभा विघटित हुँदा राष्ट्रिय सभामा दर्ता भई सभाबाट पारित गरेर प्रतिनिधि सभामा विचाराधीन रहेका ७ वटा विधेयकहरू सहित १२ वटा विधेयक निष्क्रिय भएका हाल सभामा विचाराधीन ५ वटा विधेयक मध्ये एक वटा विधेयक सभामा सैद्धान्तिक छलफल भई सभामा रहेको, एक वटा विधेयक विधायन व्यवस्थापन समितिले पारित गरी सभामा प्रतिवेदन पेस गरेको अवस्थामा रहेको छ, ३ वटा विधेयक विधायन व्यवस्थापन समितिमा दफावार छलफलको करिब अन्तिम चरणमा रहेका छन्। प्रतिनिधि सभामा उत्पत्ति भई दुवै सभामा विचाराधिन र करिब-करिब अन्तिम चरणमा रहेका विधेयकहरू समेत प्रतिनिधि सभा विघटनको कारणले संविधान र सभाका नियमावली बमोजिम निष्क्रिय हुन पुगेका छन्। राष्ट्रिय सभामा उत्पत्ति भई सभा र समितिमा विचाराधिन विधेयकहरू मात्र जीवन्त रहने अवस्था छ। लामो समय र ठूलो स्रोत साधन खर्चेर मुलुकका तत्कालीन आवश्यकता पूरा गर्ने उद्देश्यले सदनमा पेस भई विधायिकी प्रक्रियाका अन्तिम चरणमा पुगेका विधेयकहरू निष्क्रिय हुनु दुःखद पक्ष हो। आगामी दिनमा सदनमा विधेयकहरू प्रस्तुत गर्दा, संविधान संशोधन हुने समयमा

महत्वपूर्ण विधेयकको निरन्तरता कायम हुन सक्ने पक्षमा ध्यान दिन जरुरी देखिन्छ।

बजेट अधिवेशनको रूपमा रहेको अठारौं अधिवेशनमा दलगत समझदारी कायम गरी  बजेटमाथिको खर्च कटौतीको प्रस्ताव राख्ने विषय लगायत अन्य विषयमा प्रकृयागत सरलीकरण गरी राष्ट्रिय सभाको कामकारबाहीलाई छिटो, छरितो र प्रभावकारी रूपमा सञ्चालन गरिएको थियो। संविधान र नियमावलीको व्यवस्थामा प्रतिकूल नहुने गरी सभाका कामकारबाहीलाई छिटो, छरितो, गुणस्तरीय र प्रभावकारी बनाउन निरन्तर सुधारको अभियान अन्तर्गत भौतिक, कार्यविधिगत र अन्य विविध आयाममा सुधार गरिएको हामीलाई अवगत नै छ।

माननीय सदस्यहरू, अघिल्ला अधिवेशनहरू भन्दा अठारौं अधिवेशनमा मन्त्रीहरूसँग हुने मौखिक प्रश्नोत्तरको सङ्ख्यामा बढोत्तरी भएको थियो र यस अधिवेशनमा यो कार्यले उच्च प्राथमिकता पाउने आशा लिएको छु। यसबाट मन्त्रीहरू, संसद तथा हामी सांसदहरू जनताप्रति थप उत्तरदायी हुने अपेक्षा राख्न सकिन्छ।

राष्ट्रिय सभा नियमावली, २०७५ मा रहेको व्यवस्था अनुसार अठारौं अधिवेशनमा राष्ट्रिय सभाका माननीय सदस्यहरू आफू निर्वाचित भएको प्रदेशमा गई एकै पटक सात वटै प्रदेशमा आफ्ना निर्वाचक मण्डलहरूसँगको समन्वय बैठक/अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको थियो। यस कार्यक्रमले संघीयतामा रहेको कमी कमजोरीलाई पहिचान गरी संघीयतालाई अझ सुदृढ, सबल, उत्कृष्ट र दिगो बनाउन सहयोग पुगेको र आगामी दिनमा अझै व्यवस्थित रूपमा कार्यक्रम गर्न सक्षम हुनेछौं भन्ने अपेक्षा रहेको छ।

राष्ट्रिय सभाका विषयगत समितिहरूका अध्ययन प्रतिवेदनहरू माथिको छलफलको जबाफमा सम्माननीय प्रधानमन्त्री स्वयम् उपस्थित भई जबाफ दिने अभ्यासले अठारौं अधिवेशनमा पनि निरन्तरता पायो। साथै यस अधिवेशनमा सम्माननीय प्रधानमन्त्रीसँग प्रत्यक्ष प्रश्नोत्तर बारेमा सोच्न माननीय सदस्यहरूको ध्यानाकर्षण पनि गराउँछु।

सभाका गतिविधिलाई रचनात्मक र उपलब्धिमूलक बनाउन सरोकारवाला पक्षसँग निरन्तर बहस र छलफल गरिदैं आएको छ। सभाले विगतदेखि नै स्थापित गर्दै आएको सहमतीय संस्कृतिलाई अझ उच्च बनाउँदै सभामा प्रवेश हुन सक्ने सम्भावित विमतिका विषयवस्तुलाई औपचारिक र अनौपचारिक छलफल मार्फत् सहमतिमै निष्कर्षमा पुऱ्याउने गरिएकोले राष्ट्रिय सभाका माननीय सदस्यको जिम्मेवारीबोध, जनता र राष्ट्रप्रति जिम्मेवार रहेको अनुभूति दिन हामी सफल भएका छौं। साथै सभाले संविधान र कानुनको सीमाभित्र रहेर आफ्नो भूमिका प्रभावकारी बनाउने विषयमा निरन्तर पहल हुँदै आएको पनि छ। यी सबै कामका लागि यस अधिवेशनमा अझै उचाइमा पुऱ्याउन माननीय सदस्यबाट विगतका दिनझै सहयोग रहने अपेक्षा मैले लिएको छु।

माननीय सदस्यहरू, यहीँ २०२५ अक्टोबर १९ देखि २३ सम्म स्विजरल्याण्डको जेनेभामा भएको १५१ औं IPU सम्मेलनमा मेरो नेतृत्वमा नेपाली प्रतिनिधि मण्डलको सहभागिता रहेको थियो। उक्त सम्मेलनमा "सङ्कटको समयमा मानवीय मान्यताहरूको पालना र मानवीय कार्यलाई समर्थन गर्ने" विषयमा मेरो सम्बोधन रहेको थियो। त्यस अवसरमा महत्वपूर्ण द्विपक्षीय र बहुपक्षीय भेटघाट हुनुका साथै संसदले मानवीय मान्यताहरूको संरक्षण/प्रवर्धन सङ्कटको समयमा गरिएका कार्यहरूलाई समर्थन गर्न र जलवायु परिवर्तनबाट हिमालयको

इकोसिष्टममा पैदा भएको सङ्कटले नेपाल तथा अन्य अल्पविकसित देशहरूका लागि जलवायुजन्य गम्भीर समस्या सिर्जना गरेकोले यसको समाधानका लागि कूटनीतिक, सामाजिक र आर्थिक सहयोग गर्न अन्तराष्ट्रिय व्यवस्थापिका संघलाई विशेष आह्वान गरेको थिएँ। जेनजी आन्दोलनको क्रममा क्षतिग्रस्त संरचनाको पुनर्निर्माण गर्न तथा नयाँ निर्वाचनका लागि आवश्यक पर्ने सबै खाले सहयोग गर्न अन्तर्राष्ट्रिय समुदायलाई सम्बोधनको क्रममा आह्वान गरिएको थियो।

माननीय सदस्यहरू, देशको समग्र विकासलाई सरकारको नीति र विधिमार्फत निर्देशित गरी जनताको जीवनस्तर उकास्न माननीय सदस्यहरूले खेल्ने भूमिका महत्त्वपूर्ण हुन्छ। राष्ट्रिय सभामा विगतदेखि नै हुँदै आएका असल अभ्यासहरूलाई अझै सुदृढ र व्यवस्थित गर्दै यस अधिवेशनमा नयाँ-नयाँ अभ्यासको सुरुवात गर्न सुझबुझका साथ हामी सबैको योगदान हुनेछ भन्ने अपेक्षा गरेको छु। यस कार्यमा माननीय सदस्यहरूको सभामा अर्थपूर्ण तथा गरिमामय भूमिकाको लागि हार्दिक अपिल समेत गर्दछु।

राष्ट्रिय सभाको कामकारबाहीलाई सुव्यवस्थित रूपमा सञ्चालन गर्न र सभाबाट केही उदाहरणीय कार्य सफलताका साथ सम्पन्न हुनमा माननीय उपाध्यक्ष लगायत सम्पूर्ण माननीय सदस्यहरू, राष्ट्रिय सभा अन्तर्गतका समितिका माननीय सभापति लगायत विषयगत समितिहरू र संघीय संसदका महासचिव, सचिव लगायत सिङ्गो सचिवालयले खेलेको भूमिका र नेपाल सरकारको सकारात्मक सहयोग स्मरणयोग्य छ। साथै राष्ट्रिय सभाको प्रभावकारिता अभिवृद्धिका लागि सञ्चारमाध्यामको सहयोग, सभाप्रति नागरिक समाज र आम जनताको विश्वास र भरोसा बढ्दै गएकोमा यस अधिवेशनबाट थप मजबुत हुने लिएको गरेको छु। तर पनि नयाँ राजनीतिक परिवेश, नयाँ भवनमा सभा सञ्चालन गर्दा हुने प्राविधिक

कठिनाइ लगायतका विषयमा माननीय सदस्यहरू आबद्ध सबै दलहरूले १९औं अधिवेशनलाई कामकाजी, उपलब्धिमूलक र जनताको भावना एवम् अपेक्षा अनुसार सभा सञ्चालनमा आवश्यक सरसल्लाह र सहयोग हुने नै छ भन्ने अपेक्षा लिएको छु। यो हल निर्माणमा अहम् भूमिका खेल्ने संघीय संसद सचिवालय र अन्तर्गतका सबै महाशाखा, शाखा, शहरी विकास मन्त्रालय लगायत नेपाल सरकारलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु।

अन्तमा, सभा सञ्चालन तथा समग्र व्यवस्थापन र यसको प्रभावकारिता अभिवृद्धिमा माननीय सदस्यहरूको मेहनत, संघीय संसद सचिवालयको भूमिका र नेपाल सरकारको सहयोग विशिष्ट रहने हुँदा आगामी दिनमा सभाको गरिमा अभिवृद्धिमा अझ महत्त्वपूर्ण भूमिका निर्वाह हुने नै छ भन्दै फेरि पनि यो १९ औं अधिवेशनको पूर्ण सफलताको शुभकामना व्यक्त गर्दछु। धन्यवाद।

माननीय सदस्यहरू, राष्ट्रिय सभाको उन्नाइसौं अधिवेशन प्रारम्भको सन्दर्भमा राष्ट्रिय सभामा प्रतिनिधित्व गर्ने दलहरूको तर्फबाट आफ्नो मन्तव्य राख्नका लागि नाम प्राप्त भएको छ। अब माननीय सदस्यहरूलाई क्रमशः समय उपलब्ध गराउँछु। सर्वप्रथम, माननीय सदस्य डा. बेदुराम भुसाल।

**(१३:३२ बजे)** **<u>माननीय डा.बेदुराम भुसाल (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)</u>**:-सम्माननीय अध्यक्ष महोदय, हाम्रो १८औ अधिवेशन भर्खरै सम्माननीय अध्यक्ष महोदयले भने जस्तै प्रक्रियाबाट अन्त्य भएको १२४ दिन पछि १९औं अधिवेशन प्रारम्भ भएको छ, गत ४ गते। यसै बिचमा हाम्रो सभाको माननीय सदस्य बलदेव बोहोराको दुःखद निधन भएको हुनाले हामीले ४ गतेको बैठकमा उहाँ प्रति श्रद्धाञ्जली अर्पण गर्दै शोक प्रस्ताव पास गरेर अन्त्य गरेका थियौं। र

आजदेखि हाम्रो सभाको बैठक विषयगत हिसाबले अगाडी बढ्ने क्रममा छ। यस अवसरमा म सर्वप्रथम अध्यक्ष महोदय लगायत सबै माननीयज्यूहरू र सम्पूर्ण महानुभावहरूमा हार्दिक अभिवादन व्यक्त गर्न चाहन्छु र १९औ अधिवेशनको पूर्ण सफलताको हार्दिक शुभकामना पनि व्यक्त गर्न चाहन्छु। अध्यक्ष महोदय, यो अधिवेशन मेरो यस कालको अन्तिम अधिवेशन हो। म २०७६ सालको फाल्गुन ९ गते यो सभामा प्रवेश गरेको थिए। यो ६ वर्षको अवधिमा जे-जस्तो गर्न सक्थ्यो त्यसको समीक्षा त हामी कुनै दिन गर्नेछौं। सायद एउटा बैठक हाम्रो त्यस्तो हुने नै छ, विगतमा भएजस्तै। तर आज मलाइ एउटा सम्झना चाहिँ आइरहेको छ। मैले २०७६ सालको फाल्गुन २१ गतेका दिन, २१ गते म सभामा प्रवेश गरे। २९ गतेका दिन पहिलो पटक आफ्नो मन्तव्य राखेको थिए र त्यो बेला मैले भनेको थिए कि नेपालमा हामीले जुन स्तरको राजनीतिक परिवर्तन गर्‍यौं त्यस अनुरूपको आर्थिक, सामाजिक र सांस्कृतिक रूपान्तरणका कामहरू हुन सकेनन्। जसले गर्दा व्यवस्था बदलिए पनि जनताको अवस्था बदलिएन भन्ने भाष्य निर्माण हुन गइरहेको छ। यसको अन्त्य गर्नु पर्दछ। त्यसका निम्ति हामीले मुलुकमा आर्थिक, सामाजिक, सांस्कृतिक रूपान्तरणका अभियानहरू सञ्चालन गर्नु पर्दछ। त्यसका निम्ति हामीले भूमिका खेल्न सकौं भन्ने अपेक्षा मैल राखेको थिए। यस अपेक्षा अनुसार त्यसपछिका सबै जसो बैठकहरूमा धारणा राख्दै आइयो। जतिबेला मैले यो धारणा राख्दै थिए त्यतिबेला म आफू पनि संलग्न भएको पार्टी नेकपाको करिब दुई-तिहाइ बहुमतको सरकार थियो। त्यो सरकारले वास्तवमा चाहेको भए ती अभियानहरू सञ्चालन गर्न सक्थ्यो। आर्थिक रूपान्तरणका अभियानहरू सञ्चालन गर्न सक्थ्यो, सामाजिक, सांस्कृतिक रूपान्तरणका अभियानहरू सञ्चालन गर्न सक्थ्यो। तर मैले आफ्नै दु:खका साथ भन्नु पर्छ कि त्यो भएन, सकेन त्यो बेलाको सरकारले। त्यति मात्रै

होइन त्यो सरकार पनि टिक्न नसक्ने अवस्था उत्पन्न भयो। र धेरै खालका सरकारहरू पनि। तर जति सरकारहरू बने ती सरकारहरूले वास्तवमा जनताको अपेक्षा अनुसारका काम गर्न सकेनन्। जसले गर्दाखेरि स्थिति झन् नकारात्मक दिशामा अगाडी बढ्दै गयो।

त्यसै क्रममा पछिल्लो समयमा दुईवटा प्रमुख दल नेपाली काङ्ग्रेस र नेकपा एमाले संलग्न रहेको गठबन्धन बन्यो र त्यो गठबन्धनको सरकारले संविधान संशोधन गर्छौं, मुलुकमा सुशासनको स्थिति उत्पन्न गर्छौं, स्थिरता कायम गर्छौं, रोजगारी सिर्जना गर्छौं भन्ने खालका प्रतिबद्धताहरू व्यक्त गरेको थियो र हामीले आशा गरेको थियौं कि त्यस अनुसार सरकारले योजनहरू ल्यायो, कार्यक्रमहरू ल्यायो भने ठिकै ढङ्गले मुलुकलाई अगाडी बढाउन सकिएला भन्ने अपेक्षा पनि गरेका थियौं। त हाम्रो अपेक्षा विपरीत सरकारले ती कामहरू गर्ने होइन। सरकारको आलोचना गर्नेहरूको पनि मुख थुन्नको लागि, अरूको पनि होला तर मूलतः सरकारको आलोचना गर्नेहरूको मुख थुन्नका लागि सामाजिक सञ्जाल माथि प्रतिबन्ध लगाउने काम गऱ्यो। यसो गर्न जरुरी थिएन, आवश्यक थिएन हामीले भनेका पनि थियौं यस हिसाबले नजाऔं। सामाजिक सञ्जाल सम्बन्धी विधेयक हाम्रै सभामा दर्ता भएको थियो र समितिमा गइसकेको थियो। त्यो विधेयकलाई परिमार्जन गरेर पारित गरौं। जे गर्नुपर्छ कानुनको माध्यमबाट गरौं। यो ठाडो आदेश द्वारा सामाजिक सञ्जालमाथि प्रतिबन्ध लगाउने या अरू कुनै पनि मौलिक हकसँग सम्बन्धित विषयहरू माथि सरकारले प्रतिबन्ध लगाउने जस्ता काम नगरौं भनेर पटक-पटक भनियो तर सुनिएन। सामाजिक सञ्जालमाथि प्रतिबन्ध लगाइयो जसले युवाहरूमा आक्रोश पैदा गऱ्यो र भदौ २३ का दिन जेनजी पुस्ताका युवाहरूले ठिकै ढङ्गले आवाजहरू उठाएका थिए, भ्रष्टाचारको अन्त्य र सुशासनको

प्रत्याभूति। राम्रै ढङ्गले आवाजहरू उठाएर प्रदर्शन गरेका थिए। उनीहरूले केवल शान्तिपूर्ण ढङ्गले आफ्ना आवाजहरू प्रस्तुत गर्ने प्रतिबद्धताका साथ सडकमा आएका थिए तर त्यसलाई कताबाट हाइज्याक गरियो उनीहरूकै शब्दमा, मेरो शब्द होइन। जेनजी पुस्ताका युवाहरूले भनेकै शब्द म प्रयोग गर्दैछु कि हाम्रो आन्दोलन हाइज्याक भयो भनेर उनीहरूले नै भनेका छन्। त्यो आन्दोलनलाई हाइज्याक गरियो र भदौ २४ गतेका दिन विध्वंस मच्चाइयो। मुलुकका ऐतिहासिक धरोहरहरू सिंहदरबार, राष्ट्रपति कार्यालय, संसद भवन, सर्वोच्च अदालत जस्ता संस्थाहरू मात्रै होइन विभिन्न व्यक्तिका निजी सम्पत्तिहरू माथि हमला गरियो। राष्ट्रिय धरोहरमाथि त हमला गरियो गरियो ध्वंस पारियो, खरानी पारियो। त्यति मात्रै होइन व्यक्तिका निजी घरहरू, विभिन्न सार्वजनिक संस्थाका अफिसहरू, कार्यालयहरू, पार्टीका कार्यालयहरू माथि हमला गरियो। सिङ्गो लोकतन्त्र माथि हमला गरियो। नेपाली जनताले धेरै लामो सङ्घर्ष गरेर, रगत बगाएर, बलिदान गरेर प्राप्त गरेको लोकतान्त्रिक प्रणालीमाथि हमला गरियो। नेपाली जनताले आफ्ना प्रतिनिधिहरू मार्फत निर्माण गरेको संविधानमाथि हमला गरियो।

संविधान च्यातियो, पोलियो, खरानी बनाइयो। यस ढङ्गका गतिविधिहरू वास्तवमा दुःखद गतिविधिहरू हुन्। अत्यन्त दुःख लाग्दा घटनाहरू हुन्। यस्ता घटनाको पृष्ठभूमिमा बनेको वर्तमान सरकारले पनि जनताले अपेक्षा गरे अनुसार काम गर्न सकेको छैन। जे कुरा भनेर यो सरकार अहिलेको वर्तमान सरकार बनेको थियो, ती कामहरू पनि गर्न सकेको छैन। एउटा सकारात्मक पक्ष निर्वाचन गराउने तर्फ सरकार अगाडी बढेको छ, त्यसको तयारी गरेको छ, त्यसका निम्ति धन्यवाद दिनुपर्छ। तर आर्थिक क्षेत्रमा सुधार गर्छु भन्ने प्रतिबद्धता अनुसार कति काम भयो? म सोध्न चाहन्छु। संसदलाई जानकारी गराओस् सरकारले र म देखिरहेको छु कुनै

पनि प्रगति भएको छैन। आर्थिक क्षेत्रमा हाम्रो अर्थतन्त्रलाई सबल बनाउनका निम्ति कुनै पनि काम भएका छैनन्। खर्च कटौतीका नाममा केही कुराहरूमा रोक लगाइएको छ। संसद सचिवालयलाई पनि अप्ठ्यारो पार्ने गरी खर्च कटौतीका नाममा केही कामहरू भएका छन्। तर त्यो भन्दा पर रहेर कुनै काम भएको छ, प्रगति भएको छ भन्ने कुरा देखिँदैनन्। राजस्व सङ्कलन गत साल जति पनि भएको छैन। पुँजीगत खर्च गत साल जति पनि भएको छैन। भनेपछि आर्थिक क्षेत्रमा कुनै पनि प्रगति हुन सकेको छैन। सामाजिक, सांस्कृतिक क्षेत्रको त परको कुरा भयो। रोजगारी सिर्जना गर्ने कुरा पनि परको कुरा भयो। यी सब केही पनि हुन सकेको छैन। सुशासन कायम गर्छु भनेर बनेको सरकारले के काम गर्दै छ भन्दा फौजदारी कार्यविधि ऐनको दफा ३६ को दुरुपयोग गरेर त्यही ऐनको दफा ११६ को २ (क) ले रोकेको काम गरिरहेको छ, कसैलाई कसुरबाट उन्मुक्ति दिनका निम्ति। त्यो कानुनको दुरुपयोग गरिदैं छ र त्यही कानुन विपरीत काम गरिदैं छ। भनेपछि यो सरकारको सुशासन कस्तो सुशासन हो? गम्भीर प्रश्न खडा भएको छ। यस्तो स्थितिमा आज हामी यो सभाको बैठक गर्दैछौं। यसमा हामीले हाम्रो सामुमा आइरहेको निर्वाचनकै सन्दर्भमा पनि केही चर्चा गर्नुपर्ने हुन्छ होला। निर्वाचनसित सम्बन्धित केही अध्यादेशहरू पनि सरकारले अगाडी बढाएको छ। यहाँ पेस गर्छ होला, छलफल गर्छ होला। पहिलो कुरा त निर्वाचनसँग जोडिएर कुरा गर्दाखेरि अब जनताले कस्ता प्रतिनिधिलाई रोज्ने हो।

एउटा गम्भीर प्रश्न जनताको सामुमा खडा भएको छ। सबैभन्दा पहिलो प्रश्न त यो सरकारले यो निर्वाचनलाई स्वतन्त्र, निष्पक्ष, धाँधलीरहित गराउन सक्छ कि सक्दैन? गम्भीर प्रश्न त्यहाँ छदै छ। सँगसँगै नेपाली जनताले कस्ता प्रतिनिधि छान्ने भन्ने प्रश्न पनि खडा भएको छ। कस्ता प्रतिनिधिहरू छान्ने? देशलाई संविधानको

बाटोमा अगाडि बढाउनका निम्ति काम गर्ने प्रतिनिधि छान्ने हो कि यो संविधानलाई च्यातेर फाल्नुपर्छ भन्ने जस्ता मान्छेहरूलाई प्रतिनिधि छान्ने हो? देश निर्माण गर्नुपर्छ भन्ने प्रतिनिधि छान्ने हो कि ! देशलाई ध्वंस बनाउने, भएका संरचनाहरू ध्वंस गर्नेहरूलाई छान्ने हो? यो गम्भीर प्रश्न हाम्रा सामु छ र जनताका सामु पनि छ। यही परिस्थितिमा हामी यो सभाको बैठक बसिरहेका छौं। अबका योजनाहरू कसरी अगाडि बढ्ने? हामीले के कति काम गर्न सकौंला? यो सभाले कति काम गर्न सक्ला? सम्माननीय अध्यक्षज्यूले अहिले भर्खरै केही प्रतिवेदनहरू माथि छलफल गर्ने कुरा गर्नुभएको छ। हामीसँग केही विधेयकहरू छन्, अगाडि नै दर्ता भएका। र समितिमा दुईवटा विधेयक त हामीले छलफलको अन्तिम चरणमा पुऱ्याएका छौं। आगामी बैठकमा एउटा विधेयकको प्रतिवेदन प्रस्तुत गर्न सक्छौं। हिजो मात्रै हामीले प्रतिवेदन पारित गरेका छौं। हामीसँग भएका विधेयकहरू माथिको छलफल टुङ्गयाउला, पारित गरौंला। समितिका प्रतिवेदनहरू, अरू केही प्रतिवेदनहरू जो सभामा प्रस्तुत हुनेछन्। हामी छलफल गरौंला, केही निर्देशनहरू दिउँला। तर हामीले दिएका निर्देशनहरूको अवस्था के भइरहेको छ? विगतमा हामीले धेरै पटक निर्देशनहरू दिइरहेका छौं। त्यसको अनुगमन पनि गर्नुपर्छ जस्तो मलाई लागिरहेको छ सम्माननीय अध्यक्ष महोदय। धेरै पटक हामीले निर्देशन गरेका छौं तर सरकारको तर्फबाट तल तदनुरूपका काम भएका छैनन्। उदाहरणको लागि म भन्न चाहन्छु हामीले संविधान अनुसार यो संविधानको कार्यान्वयन गर्नका निम्ति बनाउनु पर्ने कानुन कति हुन्, कति बने, कति बन्न बाँकी छन् भन्ने कुराको बडो मेहनतका साथ प्रतिवेदन तयार गरेका थियौं। अध्ययन गरेर प्रतिवेदन तयार गरेका थियौं। र तत्कालीन सम्माननीय प्रधानमन्त्रीज्यूको उपस्थितिमा हामीले त्यो प्रतिवेदन छलफल गऱ्यौं र उहाँको प्रतिबद्धताका साथ त्यो प्रतिवेदनलाई पारित गरेका थियौं

र निर्देशन गरेका थियौं। तर त्यसपछि कति कानुन आयो भनेर हेर्ने हो भने अत्यन्त नगण्य मात्रामा मात्रै विधेयकहरू आएका छन्। त्यसकारणले सरकारको कानुन निर्माणको क्षेत्रमा ध्यान पुगेको छैन भन्ने कुरा प्रस्ट देखिन्छ, विगत देखि नै।

यस पटकको सरकारले त्यो काम धेरै गर्ला भन्ने मैले अपेक्षा पनि गर्दिन। तर जति विधेयकहरू यस बीचमा पनि एक दुईवटा विधेयकहरू दर्ता भएका छन् तिनिहरूलाई अगाडि लान सकियो, अगाडि बढाउन सकियो भने उपलब्धि नै होला भन्ने जस्तो लाग्छ। हामीले छलफल गरिसकेका विधेयकहरू त पारित गरौँला तर एउटा प्रश्न सरकारसँग मेरो छ कि सामाजिक सञ्जाल विधेयक हाम्रो समितिमा गइसकेको छ त्यसलाई फिर्ता लाने हो कि छलफल चलाउने हो? सरकारले हामीलाई भन्नुपर्ने भएको छ। छलफल चलाउने हो भने, सरकारको तर्फबाट सम्बन्धित मन्त्रीको उपस्थितिमा मात्रै हामीले छलफल गर्ने गरेका छौं। त्यसको आवश्यकता पर्छ। सरकारको धारणाको आवश्यकता पर्छ। होइन भने सरकारले फिर्ता लाने हो भने यथा समयमा फिर्ता लानु पर्छ। अहिले सम्म सरकारले त्यो दिशामा काम गरेको छैन। म यहीँ बाटै यसै सरकारको ध्यान जाओस् र छिटो भन्दा छिटो निर्णय होस् भन्ने कुरा राख्न चाहन्छु। त्यसै गरीकन जति पनि अब प्रस्तावहरू आउने छन् ती प्रस्तावहरू हामीले छलफल गर्ने होला। जति गर्न सक्यो देश र जनताको पक्षमा सकारात्मक ढङ्गले। भर्खरै सम्माननीय अध्यक्ष महोदयले भन्नु भए जस्तै पहल गरौं, प्रयत्न गरौं। त्यसै अर्थमा यो अधिवेशनलाई सफल बनाउने कोसिस गरौं। यो भन्दा धेरै हामीले गर्न सक्दैनौं होला किनभने हाम्रो संघीय संसदको एउटा अङ्ग मात्रै यो सभा हो। हाम्रा कुनै पनि कामहरूलाई पूर्णता दिनका लागि खासगरीकन विधि निर्माणको कामलाई पूर्णता दिनको निम्ति दुईवटै सभाको आवश्यकता पर्छ। अहिले प्रतिनिधि सभाको अनुपस्थितिमा हामीले गरेका कामहरू

पूर्णता पाउन नसक्लान् तर हाम्रो तर्फको पूर्णता प्राप्त हुन सक्छ। हामीले गर्नुपर्ने ती कामहरू गर्न सक्छौं र प्रतिनिधि सभामा पठाउन सक्छौं। त्यस हिसाबले हामीसँग भएका विधेयकहरूलाई पारित गर्ने देखि अरू प्रतिवेदनमाथि छलफल गर्ने, पारित गर्ने, सुझावहरू दिने, निर्देशनहरू दिने र केही थप सङ्कल्प प्रस्ताव लगायत केही प्रस्तावहरू पारित गरेर जान सक्यौ भने यो अधिवेशनको उपलब्धि त्यसैमा हुन्छ भन्ने मलाई लाग्छ। त्यस अर्थमै यो अधिवेशनलाई सफल बनाउन सकौं, यो अधिवेशन सफल बनोस् भन्ने हार्दिक शुभकामना व्यक्त गर्दै बिदा हुन चाहन्छु। धन्यवाद।

(१३:४७ बजे) **सम्माननीय अध्यक्ष** :- माननीय सदस्य कृष्णप्रसाद सिटौला।

(१३:४७ बजे) **माननीय श्री कृष्णप्रसाद सिटौला (नेपाली काङ्ग्रेस)**:- अध्यक्ष महोदय, आज हामी नेपालको विशिष्ट अवस्थामा राष्ट्रिय सभाको बैठक गरिराखेका छौं। देश निर्वाचनमा प्रवेश गरेको छ। आम निर्वाचनमा राष्ट्रिय सभाको निर्वाचनमा। अब दुई दिन पछि राष्ट्रिय सभाको निर्वाचन हुँदैछ। हाम्रा नयाँ साथीहरू नयाँ उत्साहका साथ यहाँ आउँदै हुनुहुन्छ। हामीहरू उहाँहरूलाई स्वागत गर्न बसिरहेका छौं। उहाँहरूलाई मेरो शुभकामना छ.....। फागुन २१ गते आम निर्वाचन हुँदैछ। यो निर्वाचनले राष्ट्रिय एकता निर्माण गर्न सकोस्। सबै राजनीतिक दलहरू सबै सांसदहरू मिलेर नीतिगत तहमा एकता नगर्ने हो भने नेपाल दिन प्रतिदिन कमजोर हुँदै जान सक्छ भन्ने मेरो आफ्नो विचार हो। हरेक राजनीतिक दलहरू बिच पनि एकता चाहिएको छ। समग्र राजनीतिक दलहरू बिचमा पनि एकता चाहिएको छ। यसले मेची, महाकाली, तराई, पहाड, हिमाल सबै वर्ग, क्षेत्र, जाति,

लिङ्ग, पेशा, व्यवसाय र तमाम नेपालीहरूलाई एकताको सूत्रमा आबद्ध गर्न सकोस्, एउटा सामूहिक राष्ट्रिय भावनाको विकास गर्न सकोस्। त्यो उद्देश्यका साथ राजनीतिक दलहरू जनता समक्ष प्रस्तुत हुनु।

एकले अर्कोलाई धेरै गाली गर्ने भन्दा पनि जनताको माझमा पुग्न सबै राजनीतिक दलका उम्मेदवारहरूलाई पनि मेरो हार्दिक आग्रह पनि छ। तर धेरै व्यग्रता र धेरै निरासा अभिव्यक्त नगर्नुस्। तपाईंहरूको आफ्नो घोषणापत्र होला। विचार होला र भिजन होला, नेपाललाई यति वर्षमा यस्तो बनाउँछु भन्ने त्यो विचार राख्नुस्। त्यो विचारको मन्थनको आधारमा जनताको मन जित्ने, जनताको विश्वास लिने प्रयास गर्नुस्। यसले एउटा सकारात्मक एकता निर्वाचनकै माध्यमबाट देशले बनाउन सकोस्। र शान्तिपूर्ण निपक्ष, स्वतन्त्र ढङ्गले निर्वाचन सम्पन्न हुन सकोस्। सरकारलाई पनि मेरो शुभकामना छ। मन्त्रीज्यू हुनुहुन्छ। शान्तिपूर्ण ढङ्गले भयरहित वातावरणमा निर्वाचन गराउने कुरामा सरकारलाई पनि सफलता मिलोस्। मेरो सरकारलाई पनि शुभकामना छ। सरकारमा रहेका केही मन्त्रीहरू फटाफट छोडेर राजनीतिक दल खोजेर जाँदै हुनुहुन्छ। सरकारमा पुगेको वेलामा खोई राजनीतिक दलहरूलाई पुराना दलहरूलाई गाली गर्नु हुन्थ्यो। अलिअलि सुन्यौ हामीले। तर अहिले तिनै पुराना दलहरूले बनाएकै संविधान बोकेर जानु भएको छ जनताको माझमा। यही संविधानले बनाएकै प्रतिनिधि सभामा आउँदै हुनुहुन्छ। यसै उद्देश्य अनुसार जनता हितमा काम गर्छु भनेर बोल्दै हुनुहुन्छ। यसमा अलिकति बोल्दा खेरि विचार गरेर बोलेको जाति हुन्थ्यो मन्त्री छदा। मैले त सोचे थिए जति साथीहरू अहिले प्रधानमन्त्रीको क्याबिनेटमा पुग्नु भएको छ निर्वाचन सम्पन्न नगरेसम्म छोड्नु हुन्न जस्तो लागेको थियो तर मेरो भ्रम भयो, खैर केही छैन। उहाँहरूलाई पनि मेरो शुभकामना छ। र नया राजनीतिक चेतना सहितको

एउटा विचार बोकेर जानुस्। धेरै गाली गर्ने भन्दा धेरै आरोप लगाउने भन्दा यो परिवर्तनलाई, यो व्यवस्थालाई गाली गर्ने भन्दा, त्यसको हितमा जनताको हितमा के गर्ने कार्यक्रम हो ? त्यो बताउनुस् न जनतालाई मेरो उहाँहरूलाई पनि शुभकामना छ। यस अर्थमा शुभकामना छ कि तपाईंहरू सङ्गठित हुनु सबै दलहरूको बिचमा, सबै राजनीतिक शक्तिहरूको बिचमा, सबै राष्ट्रवादी शक्तिहरूको बिचमा, लोकतन्त्रवादी शक्तिहरूको बिचमा, सबै गरिब जनताको उन्नतिको लागि म केही गर्छु भन्ने विचार बोकेका सबै राजनीतिक दलको बिचमा एकता निर्माण गर्ने पहल गर्नुस् ताईहरूले पनि मेरो सबै राजनीतिक दललाई सबै उम्मेदवारहरूलाई मेरो यहाँबाट शुभकामना छ निर्वाचन शान्ति ढङ्गले सम्पन्न होस् र देश निर्माण गर्ने अभियानले गति लिन सकोस्। भाद्र २३ र २४ गते घटनालाई मैले दुई फरक ढङ्गले हेर्ने गरेको छु। २३ गते एउटा २४ गते अर्को ढङ्गले, २३ गते युवा पुस्ताका नव युवा पुस्ताका जेन्जी पुस्ताका भाइबहिनीहरूले एउटा सकारात्मक माग राखेर सडकमा आएका हुन्। उनीहरूको माग सकारात्मक नै थियो।

सुशासनको कुरा थियो। भ्रष्टाचार नहोस् भन्ने थियो। सामाजिक सञ्जाल बन्द नहोस् भन्ने नै थियो। त्यहाँ भन्दा बढी माग थिएन। दिउसो झन्डै साझँ पर्न थालिसकेपछि अचानक त्यो हिंसामा बदलियो। संसद भवन तोडफोडमा पुग्यो। अनेकौ प्रकृतिका मानिसहरू त्यहाँ देखा पर्न थाले। अनेकौ उत्तेजना फैलाउने मानिस देखा पर्न थाले। स्वयम् जेनजी आन्दोलन सञ्चालन गर्ने भाइहरूको वक्तव्य हो भनि हाम्रो तोडफोड होइन फिर्ता आउ भन्दा पनि त्यो समेत मानेन, तोडफोडमा पुग्यो, गोलि चल्यो, अब सरकारले आयोग बनाएको छ रिपोर्ट आएपछि मूल्याङ्कन गरौला, हेरौला घुसपैठ भयो भन्ने छ, घसपैठ गर्ने आफ्नै गोली चलाए, चलाएन त्यो रिपोर्टले बताउला हामी हेरौंला, त्यस बेला भनौंला। खाली मलाई एउटा लाग्ने

के भनेदेखि म पनि एक समय निकै वर्ष अगाडी गृहमन्त्री बने, अलिकति सरकारले सुरक्षा निकायले संयमता अपनाएर निकै ठुलो सङ्ख्यामा सुरक्षाकर्मीहरू खटाएर शान्तिपूर्ण अवतरण गर्न सक्थ्यो कि भन्ने मेरो आफ्नो मनमा लाग्ने हो। व्यापक घुसपैट, ठुलो ग्रान्ड डिजाइन भएको भने त सरकार के लाग्थ्यो होला ? सूचना बिहिन अवस्थामा त्यस बेलाको सुरक्षा निकायहरू भएको र अचानक धेरै गोलीहरू चलेको रहेछ दुःखद घटना भो। साना साना हाम्रै छोराछोरी भाइबहिनीहरूले मृत्युवरण गर्न पुगे। सबैलाई हामीले हार्दिक श्रद्धाञ्जली अर्पण गरेका छौं, संवेदना प्रकट गरेका छौ। र त्यसैको बहानामा २४ गते जुन तोडफोड आगलागी र लुटपाट भएको छ, सिंहदरवार जलेको छ, संसद भवन जलेको छ, सर्वोच्च अदालत जलेको छ, व्यवस्थापिका बस्ने भवन संसद भवन जल्नु कानुन बनाउने ठाउँ जल्नु, राज्य सञ्चालन गर्ने सरकारी भवन जल्नु सिंहदरवार जल्नु, न्याय सम्पादनका न्यायपालिका जल्नु सिङ्गो संवैधानिक व्यवस्था त जल्यो। यी घरहरूले के बिगारेको थियो ? यी घरहरूले ? मलाई यस्तो लाग्छ कस्तो हाम्रो देशको सुरक्षा निकाय हो, शान्तिपूर्ण ढङ्गले त्यो तोडफोड लुटपाट आगोलाई रोक्न नसक्ने, कसरी सिंहदरबारका गेटहरू फुटे होलान् ? कसरी भित्र यत्रो आगो लाग्यो होला ? कल्पना गर्न सकिन्न। मेरो आफ्नो निजी घर पनि जल्यो, ठुलो कुरा भएन लुटपाट भयो, त्यो मेरो सामान्य हो, मलाई कसैले रिस गरे थियो जलायो होला। त्यसरी चित्त बुझाउन सकिन्छ तर सिंहदरबार भवनले कसलाई चित्त दुखाएको थियो ? सार्वजनिक भवनले कसलाई चित्त दुखाए थियो ? संसद भवनले कसलाई चित्त दुखाएको थियो ? आखिर भोलि निर्वाचन पछि आउने ठाउँ त यीनै घरहरू हुन नि त जनताको करले जनताले बहुत मेहनतले कमाएको गरिब जनताले तिरेको करबाट बनेका भवनहरू हुन् नि त ऐतिहासिक भवनहरू हुन् नि हाम्रा, नेपालका, नेपाली जनताका साझा स्थलहरू

हुन् किमार्थ यस्ता कुरालाई हामीले उचित हुन् भनेर भन्नु भनेको नेपाल विरुद्धको कुरा हुन्छ। मलाई लाग्यो त्यस बेला सिङ्गो नेपाल जलिराखे छ नेपाल जलिराखेको छ।

भवनहरू मात्र जलेनन् अध्यक्ष महोदय, नेपालीको मन जल्यो २४ गतेको घटनाबाट, जलेको नेपालीको मनको मलहम पट्टी कसरी लगाउन सक्ने हो , कहिले लाग्ने हो ? कसरी गाउनेको हुन्छ नेपाली जनताको हृदयबाट कसरी यो विस्मृतिमा पुग्छ ? तपाईं हामी सबैले गम्भीरतापूर्वक सोच्नु पर्दछ। गम्भीर एउटा विद्रोह अब समाजमा यसले गाडेको छ, समाजमा एउटा गम्भीर विद्रोह समाजभर मानिसहरू भयभित भएका छन्, हिंड्दै जाँदा भन्छन् अहिले पनि मन्त्रीज्यू यही हुनुहुन्छ हिन्दै जाँदा गाडीमा आगो लाग्यो भने प्रहरी आउँछ भनेर सोध्न आउँदैन भन्ने उत्तर आउँछ। म एक हप्ता जति प्रहरी पुग्छ भने पर्खि मेरो घर आगो लागि भएको छ, अह अब घर भित्रको शान्त बद थियो जस्तो लाग्थ्यो भएन, त्यस्तै सारा चीज सारा सबतिर भए। त्यस्तै व्यापारिक प्रतिष्ठानहरू जले, भाटभटेनिले के बिगारेको थियो र ? धेरैलाई जागिर दिएकै थियो। त्यो अर्को विनोद चौधरीको उद्योग के बिगारेको थियो र ? होटल के बिगारेको थियो र नि ? व्यवसायले काम दिएकै थियो नि। अलिअलि भएनी रोजगार त पाएकै थिए नि त। केही बिगारे थिएन, ट्याक्स तिरेकै थियो, सरकारको आसन भरेकै थियो पैसा। त्यो पैसाले केही न केही जनताको लागि काम भएकै थियो होला नि त। त्यो ढङ्गले कसैले सोचेन। ती राजनीतिक दलहरू, नेपाली काङ्ग्रेस, एमाले, माओवादी लगायत सारा राजनीतिक दलका नेताका अफिसहरू जले, घरहरू जले, यिनी दलहरू यत्रो परिवर्तन ल्याएर त्यही संविधान त लिएर अहिले हिंड्दै हुनुहुन्छ उहाँहरू पनि त, अहिलेका मानिसहरू पनि त, त्यसकारणले कल्पना गर्न नसकिने अत्यन्त ठुलो अकल्पनीय दुःखद घटना

२४ गते नेपालले बेहोर्‍यो, कुनै पार्टी विशेष हैन, नेपालले बेहोर्‍यो, नेपाली जनताले बेहोरे। यसमा यो अर्थमा हामीले भन्नुपर्छ, कमिटमेन्ट जनाउनु पर्छ प्रतिबद्धता, पुनः यस्तो घटना कहिले नदोहोरियोस नेपालमा, कहिले पनि नदोहोरियोस, मेरो सत्ता होस् नहोस्, हाम्रो सत्ता होस्, नहोस् यस्तो घटना नेपालमा कहिले नदोहोरियोस, सिङ्गो नेपाललाई क्षति हुने खर्बौंको क्षति हुने, दशौं वर्ष अर्थतन्त्रका दृष्टि कुनै पछाडी धकलिने यस्तो दुःखद घटना नहोस् कुनै नेपालीलाई फाइदा नहुने हिंसा कहाँबाट आयो ? इतिहासले मुल्याङ्कन गर्ला सरकारको रिपोर्ट आएपछि आयोग बनेपछि रिपोर्ट छानबिन भएपछि हेरौला, अनि बोलौला त्यस बेलामा, अहिले मात्र सब्जेक्टिभ रूपबाट बोल्न सकिने अवस्था छ हाम्रो, यति नै भन्न चाहन्छु यस बारेमा, आइन्दा यस्तो नहोस्।

हामी सबैले गम्भीरता त्यसैको आधारमा मैले भन्ने गरेको छु, निर्वाचनमा जति पनि गएका राजनीतिक दलहरू छन् उम्मेदवारहरू छन् जनतामा विचार सम्प्रेषण गर्दै गर्दा तपाईं जनतामा निराशा नबाड्नुस, जनतामा विद्रोह पनि नबाँड्नुस्, जनतामा एकले अर्कालाई गाली गर्ने नाममा उत्तेजना फैलाउने काम कसैबाट नहोस्। उत्तेजना र विद्रोहले समाज बन्ने रहेछन्। क्रान्ति पछि, परिवर्तन पछि नया संयतमा चाहियो र नया एकता चाहियो तब मात्र देश बन्छ। त्यसैले आजको प्रतिपक्षमा उभिएर मैले यो ठाउँमा उभिएर संसदको, यो हाम्रो संविधानको एउटा ढुकढुकी रहेन्छ भन्ने गर्छु मैले, सरकार संविधानले बनाएको छैन। आगोको ज्वालाको बिचबाट राष्ट्रपतिज्यूले घोषणा गर्नु भएको छ प्रधानमन्त्रीजीलाई। सरकारलाई हामी संविधान भन्न सक्दैनौ। गैरसंवैधानिक। एउटै मात्रै हामीले भनेका छौ स्वंयम मेरो विचार हो। कम्तीमा आगो त निभ्यो। राष्ट्रपतिको निर्णयले संविधान त मिचियो तर कम्तीमा आगो निभ्यो, त्यसैमा सन्तुष्टि गरेको छु

मैले, हामीले। निर्वाचन सम्पन्न भएपछि उनै संविधान पुनः क्रियाशिल हुन्छ भन्ने विश्वासका आधारमा अरू आधारमा हैन। त्यो विश्वासका आधारमा। छ त्यहीँ ............मलाई कस्तो लाग्छ ? २४ घटनालाई हेर्ने हो भने संसद निरीह, प्रतिनिधि सभा निरीह, हामी निरीह, सरकार निरीह ,त्यसबेलाको, सर्वोच्च अदालत निरीह, असहाय केही गर्न नसक्ने, अझै पनि त्यो मनमा पसेको डर मानिसहरूको बाट गएको छैन। सर्वसाधारण जनताबाट मात्र होइन राज्य सञ्चालन गर्नेहरूको मनबाट गएको छैन। सर्वोच्च अदालतमा जलेका मिसिलहरू त्यो आगोको लप्का, धुवाँ अझै बसिसकेको छैन, त्यहाँका न्यायाधीशहरूको मनमा, मेरो आफ्नो मूल्याङ्कन हो यो। मैले कसैलाई आरोप लगाउन खोजेको छैन। देवताका साथ उब्जिएर न्यायपालिका, न्याय सम्पादन गर्छ भन्ने कुरामा मलाई विश्वास भएको छैन, आजको दिनमा। भोलि बनोस् र न्यायपालिकालाई पनि शुभकामना छ। भोलि आउने प्रतिनिधि सभाले दृढतापूर्वक आम जनताको हितमा काम गर्नको लागि सोचोस् मेरो उहाँहरूलाई पनि शुभकामना छ। तपाईं हामी राष्ट्रिय सभाका सबै सदस्यहरूले पनि केही गर्न सकेनौ, पुरै हामी निरीह थियौ त्यस बेलामा, पुरै हामीलाई निरीह बनाइएको छ त्यस बेला मा, संविधानको एउटा हाउस त थियो यो। धुकधुकी भन्ने गरेको छु मैले यसलाई। प्रत्यक्ष निर्वाचित संस्था होइन यो हामी अलिकति अप्रत्यक्ष नै हौ हामी। प्रत्यक्ष जनताको जहाँ बजेट बारे छलफल हुन्छ जहाँ बजेट बारे पारित हुन्छ अर्थ सम्बन्धित विधेयकहरू सबै त्यहीबाट पारित हुने हो। त्यो ठाउँको हामी होइनौ। हामी एउटा सुझाव दिने ठाउँको एक अर्थमा त्यो अर्थमा छौ हामीहरू, आज सङ्ख्याका दृष्टिकोणले पनि, हाम्रो संवैधानिक भूमिकाका दृष्टिकोणले पनि, हामी प्रतिनिधिसभालाई सुझाव दिने ठाउँमा जस्तो लाग्छ के कहिलेकाहीं मैले आफ्नै

भूमिकाबाट सोच्दाखेरि, त्यसको बाबजुत पनि हामीले त्यसलाई केही पनि गर्न सकेनौ, बोल्न पनि सकेनौ, यथार्थ कुरा हो यथार्थ आज म राख्न चाहन्छु।

त्यस्तो अवस्थामा पुग्यो सिङ्गो देश एक पटक अब त्यस्तो कहिले नहोस् मेरो शुभकामना छ। कतिले मैले यस्तो कुरा गर्दा तर्क गर्ने गर्छन साथीहरूले, अब आगो लगाउनेहरूकै तर्फबाट त भन्नु भएन तर त्यस्तै प्रकृतिले, ओहो कति राम्रो घटना भयो भन्नेहरूले, ताईहरूले नि त परिवर्तन ल्याएको यस्तै-यस्तै गरेर सिंहदरवार आगो लगाएको छ कसैले, हामीले सात सालको क्रान्ति पनि बोकेकै हो। तर को सरकारी भन्न चलायौ हामीले ? ६० सालको आन्दोलनले कुन सरकारी भवन जलायो सिंहदरबार ? २०६२/०६३ मा त्यत्रो आन्दोलन भयो हामीले रिङरोड भित्र मान्छे बस्न दिएनौ। हामी नै थियौ त्यसलाई सञ्चालन गर्नेहरू। किन मान्छे मर्छ कि भन्ने चिन्ता थियो हामीलाई। सरकारले गोली पड्काउँछ कि भन्ने चिन्ता थियो हामीलाई प्रश्न दिएनौ त्यस बेला पनि हामीले कुनै हालतमा। यो सरकारी भवनहरूमा आगो लगाउने कुरा त बहुत टाढाको कुरो हो, कति क्षति भए होला देश भरि , ओहो प्रहरीहरू कुटी-कुटी मारेको मारे कस्तो अवस्था भो, प्रहरी चौकीमा जाँदाखेरि प्रहरीहरूले भाग्छन् हतियार मागि दिन्छन्, त्यतिले मात्र नपुगी कुटी-कुटी मार्छन , कस्तो आतता घटना हो यो ? त्यो अवस्था बेहोरेको प्रहरीले जनतालाई कति सुरक्षा दिन्छ आजका दिनमा, कति मन बढ्यो सरकारलाई थाहा होला मैले पनि सम्पर्क गर्ने गरेको छु, सुरक्षाका दृष्टिकोण सम्भव छ कि छैन भन्दाखेरि आत्तिएका छन् त्यसैले राजनीतिक दलहरूकै भूमिका छ आजका दिनमा, हाम्रो बीचमै मनमुटाव नहोस् जनताको माझमा, निर्वाचनका क्रम निर पुग्दा हामी नै मुठ नहोस् झै झगडा नहोस् आरोप प्रत्यारोप नहोस्, धेरै गालीगलौज नहोस्, उत्तेजना नहोस्, कुनै कारणले कसैको गाडी, कसै माथि ढुङ्गा

बर्सियो भने कुनै कारणले कसै माथि आगो लाग्यो भने सुरक्षा आउँछ भन्ने कुराको ग्यारेन्टी भइसकेको छैन मलाई यस्तो लागि रहेकोछ। त्यसैले सुरक्षा निकायले आफ्नो सुरक्षा निकाय सम्बन्धी कुरामा गम्भीर समीक्षा गरोस्। स्वयं राष्ट्रपति सेनाको परमाधिपतिको निवास, सरकारी निवास शितल निवास आगो लागेको छ, आगोको लप्काको तातोबाट उहाँले घोषणा गर्नु भएको छ। हाम्रो यी सबै सुरक्षा निकायहरूले म आरोप लाउन चाहन्न कसैलाई, आजको दिनमा कम्तीमा पनि, सेनाले, सशस्त्र प्रहरीले, नेपाल प्रहरीले, अनुसन्धान निकाय सुरक्षा संयन्त्रका सम्पूर्ण निकायले गम्भीरतापूर्वक आत्मसमिक्षा गर्नुपर्छ। नेपाली जनताको सोभरेजेनेटी रक्षा गर्ने सुरक्षा निकायहरू सोभरेजेनेटीको, सोभरेजेनेटीलाई रक्षा गर्ने न्यायपालिका, संसद, सरकार यी भवनहरू सुरक्षा किन गर्न सकेन ? आत्म समीक्षा गरोस्। आइन्दा यस्तो हुन दिनबाट सुरक्षा निकायहरू दृढताका प्रुभ दिन सकुन्। शान्तिपूर्ण ढङ्गले अवतरण गराउन सक्ने विषयलाई हिंसामा रूपान्तरण गर्ने डिजाइनबाट बच्न सकुन्, ग्रान्ड डिजाइनबाट बच्न सकुन्, मेरो आग्रह छ, सबैलाई मेरो आग्रह छ।

अध्यक्ष महोदय, हामी ल्याएको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधान, समावेशी लोकतन्त्र सहितको, सबै जातिको, सबै क्षेत्रको, सबै वर्गको, सबै लिङ्गको, प्रतिनिधित्व होस्, तीनै तहको सरकारमा तीनै तहको व्यवस्थापिकामा, कानुन बनाउने ठाउँमा, नीति निर्माण गर्ने ठाउँमा। हामी ल्याएको संविधान म विगतका कुनै सरकारलाई दोष दिन म चाहन्न, के दोष दिएर उम्कने ठाउँ पनि छैन त्यसकारणले म दोष दिन चाहन्न। केही न केही सबले राम्रो गरेका छन्, केही न केही राम्रो भएको हुन्छ, केही न केही कमजोरी भएको हुन्छ। समग्रमा कसैले राम्रो गर्छु भन्छ भने त्यो एउटा अहंकार हुन्छ सक्दैन भोली पनि सक्दैन। समग्रमा

राम्रो गर्छु मात्रै भन्यो भने गर्दै जाँदा केही न केही गल्ती हुन्छ तर आगामी दिनलाई मेरो सुझाव छ आउने सरकारलाई मेरो आगामी दिनका लागि सुझाव छ, कम्तीमा पनि संयतमापूर्वक सबैलाई मिलाएर हिँड्न सक्छु भने तागत राखोस्, सबैको भावनालाई बोक्छु भन्ने तागत राखोस्, गरिब जनता प्रति प्रेरित भएर जान्छु जनताको माझ भन्ने तागत राखोस्, सबलाई जो आए पनि, एकातिर सरकारले केही गरेन भन्ने धेरै गरेको छ। मैले छोटो भन्न चाहन्न। उदाहरण धेरै दिन सकिन्छ। धेरै विचार दिन सकिन्छ राजनीतिक रूपमा विकास निर्माणका दृष्टिकोणले समग्रमा धेरै काम गरेछ तर पर्याप्त गर्न सकिएन, सकेनन् सरकारहरूले। यो पनि यथार्थमा छ। स्थिति के छ ? सरकार बनेको दुई वर्ष भएको छ सरकार गयो। नेपालमा कुनै सरकार तीन वर्ष टिक्दैन, चार वर्ष टिक्दैन, पाँच वर्ष पुगेकै छैन कुनै सरकार आजसम्म पनि। नेपाल एउटा कमजोर अवस्थाको सरकार भयो। एउटै दलको बहुमत हुँदा पनि टिकेन, धेरै पार्टीको बहुमत हुँदा पनि टिकेन, नेपाल कम्युनिस्ट पार्टीको बहुमत हुँदा पनि टिकेन, धेरै पटक यस्तो भएको छ। त्यसकारणले अब नेपालका सबै राजनीतिक खेलबाडीहरूले यस विगतको इतिहासलाई स्मृतिमा राखेर, त्यसलाई लिएर गाली गलोज गर्ने होइन, त्यसको फाउन्डेसनबाट त्यसको पाठबाट एउटा नया मार्ग चित्र निर्माण गर्न सकुन्।

अध्यक्ष महोदय, अन्तिममा मैले धेरै कुरा भन्नु छैन। एउटा कुरा मात्र म यहाँ राख्न चाहन्छु। सात सालको क्रान्ति भो, मेरो आफ्नै निजी अनुभव हो, सात सालको क्रान्ति नै हो नेपाली काङ्ग्रेसको अगुवाइमा भएको। ३० वर्ष त्यसपछि ठ्याक्कै त्यो लामो टिक्नै पाएन। १० वर्षमा गयो। सोचे जस्तो भएन, संविधान सभा आएन, त्यस बेलामा संविधान सभाबाट संविधान बन्छ भन्ने थियो हामीलाई, नेपाली काङ्ग्रेसलाई त्यस बेलामा, हाम्रो नेताहरूले त्यही घोषणा गर्नु भएको थियो। तर

आएन, १५ सालमा राजा महेन्द्रले दिएको संविधान मानेर निर्वाचनमा गएर जाँदा पनि त्यो संविधान र त्यो संसदलाई पनि त्यस्तो बेलाका राजाले मानेनन्। १७ साल पुस १६ गते सात (२००७) क्रान्तिले ल्याएको परिवर्तन राजाको विद्रोहबाट गयो, हिंसात्मक विद्रोह, प्रधानमन्त्रीलाई हतकडी लगाएर जेल लैजाने टुँडिखेलको माझबाट, आम जनताको बिचबाट, सेना लगाएर, ३० वर्ष निरन्तरको सङ्घर्ष पछि ४६ सालमा परिवर्तन आयो बहुदलीय व्यवस्था स्थापना भयो। त्यो पनि राजा विरेन्द्रको म्याद समाप्त पछि राजा ज्ञानेन्द्रको कार्यकालमा टिकेन। अर्को फेरी "कु" भयो। तपाइलाई फेरि मैले एउटा हिंसात्मक विद्रोह भन्दछु। ६३ सालको सबै राजनीतिक दलहरू मिलेर शान्तिपूर्ण आन्दोलन मार्फत एउटा परिवर्तन ल्याउ गणतन्त्रमा देशलाई पुऱ्यायौ। नया संविधान रचना गऱ्यौ लामो मेहनत पछि पहिला चार वर्ष असफल भयौ हामी सकेनौ। दोस्रो संविधान सभाबाट हामीले संविधान निर्माण गऱ्यौ, त्यो पनि आज लगभग झन्डै गइसकेको अवस्था भयो। झन्डै-झन्डै मेरो मूल्याङ्कन हो। तर कम्तीमा अहिलेको सरकारलाई यति स्याबासी दिन चाहन्छु अहिलेको प्रधानमन्त्रीज्यूलाई, तपाईले कसमेकम संविधान बनाउनको लागि निर्वाचन गर्दै हुनुहुन्छ। यो संविधान बचाउँछु भन्ने एउटा संकल्प तपाईले बोकेको पाउँछु यहाँ निर म, यो पोइन्टमा, तपाइलाई संविधानले प्रधानमन्त्री बनाए मान्दिन तर तपाईले संविधान बचाउनका लागि तपाईं निर्वाचन सम्पन्न गर्दै हुनुहुन्छ यसका लागि तपाईंलाई मेरो बधाई दिन्छु शुभकामना पनि छ, प्रधानमन्त्रीज्यूलाई मैले। उहाँ पूर्व प्रधानन्यायाधीश, अन्तिम संविधान निर्माण गर्ने क्रममा संलग्न व्यक्ति पनि हुनुहुन्छ, हामीलाई थाहा छ। डेमोक्रेटिक स्कूलबाटै हुर्किएको विचारको व्यक्ति हुनुहुन्छ। त्यसकारणले कम्तीमा यो निर्वाचन सम्पन्न भएर आयो भने फेरी संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधान, समावेशी लोकतन्त्र आम नेपाली जनतालाई

समृद्धिको यात्रामा मिलेर लिएर जान्छौ भन्ने हाम्रो संकल्प, लोकतान्त्रिक समाजवादमा आधारित संयुक्त राष्ट्र निर्माण राम्रो लक्ष्य हो भन्ने हाम्रो प्रस्तावनाकै संकल्प त्यसलाई, उद्देश्यमा हामी पुऱ्याउन सक्छौ। संयुक्त राष्ट्र निर्माणको अभियानमा हामी सबैको यात्रा हुन सक्ने एउटा नयाँ राजमार्ग, नया मार्ग सिटी हामी निर्माण गर्न सक्छौ भन्ने उत्साहका साथ यो अधिवेशन राष्ट्रिय सभाको अधिवेशनका जति बैठकहरू हुन्छन् त्यो कार्यदिशामा अगाडी बढ्न सकुन। मेरो यहाँहरू सबैलाई शुभकामना छ।

अध्यक्ष महोदय, तपाइलाई विशेष मेरो धन्यवाद छ, शुभकामना छ, बधाई पनि छ। महासचिव लगायत सचिवालयका सबै साथीहरूलाई मेरो शुभकामना छ उहाँले कम्तीमा पनि यो भवन यहाँ ल्याएर अधिवेशन सञ्चालन गर्दिनु भएको छ। मेहनत गर्नुभयो सरकारले पनि सहयोग गऱ्यो। यसमा संलग्न सबैलाई सरकार सचिवालयका सबै साथीहरू, खास गरि अध्यक्षज्यूलगायत सबैलाई मेरो हार्दिक शुभकामना छ। हामीले बिचमा अनुरोध पनि गरेका थियौ। हामी बिचमा नेपाली काङ्ग्रेस संसदीय दलको बैठक पनि बस्यौ। कम्तीमा, राष्ट्रिय सभा अधिवेशन भयो भन्ने केही कुरा बोल्न पाइन्छ, जनताको लागि जनताको हितमा लागेका कुरा भन्न पाइन्छ, हाम्रो मत थियो। तपाईले सरकारसँग समन्वय गरेर अधिवेशन आह्वान गराउन सफल हुनुभयो यसको लागि तपाईंलाई मेरो विशेष धन्यवाद छ म आभार प्रकट गर्दछ यति भन्दै मेरा टुङगाउछु। धन्यवाद।

(१४:०९ बजे) **सम्माननीय अध्यक्ष** :- माननीय सदस्य देवेन्द्र दाहाल।

(१४:१० बजे) **माननीय श्री देवेन्द्र दाहाल (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्ष महोदय, आज २०८२ साल भाद्र ३१ गते १८ औ अधिवेशनको अन्त्य पछि कुन परिस्थितिबाट त्यो अधिवेशनको अन्त्य भएको थियो भन्ने सम्माननीय अध्यक्षज्यूले पनि आफ्नो सुरुवाती मन्तव्यमा बताई सक्नु भएको छ र हामी त्यसको ठिक चार महिना पछि अथवा १२४ दिनपछि यो बैठक बस्न लागिरहेका छौं। विगत गत ४ गते देखि र यो अधिवेशन आवाहनको लागि म वर्तमान सरकार राष्ट्रपतिज्यू र यसको पहल गर्ने सम्माननीय अध्यक्षज्यूलाई हार्दिक धन्यवाद दिन चाहन्छु। यस बीचमा थुप्रै घटनाक्रमहरू भएका छन्। हाम्रो यसै सभाका माननीय सदस्य बलदेव बोहराको यसै बीचमा निधन भएको छ। उहाँ प्रति हार्दिक श्रद्धा सुमन व्यक्त गर्न चाहन्छु र सम्पूर्ण ज्ञात अज्ञात सहिहरूलाई सम्मान गर्न चाहन्छु, श्रद्धाञ्जली व्यक्त गर्न चाहन्छु। त्यति मात्रै होइन यस बीचमा थुप्रै राजनीतिक उतार चढावहरू, घटनाहरू भएका छन् र यस बीचमा हाम्रो यो अधिवेशन अहिले जुन सुरु भएको छ यस बीचमा विगत दसौं वर्षभन्दा पृथक खालका घटनाक्रमहरू भएका छन्। र झन्डै चार महिना अगाडि साढे चार महिना अगाडि भएको यो जेनजी आन्दोलन जेनजीको नाममा भएको घटनाहरू यसको सन्दर्भमा गम्भीर समीक्षा पनि हुँदैछ। नागरिक समाज, राजनीतिक कर्मीहरू, सम्पूर्ण जनताहरूले यसको समीक्षा पनि गर्दैछन्। र यी घटनाक्रमहरू मुलुकमा कुनै आमूल परिवर्तन गर्ने गरि गरिएको थियो वा एक वितण्डा मात्र थियो। यो प्रश्न जतातत्तै उठिरहेको छ।

यसमा आ-आफ्नै विश्लेषण र दृष्टिकोणहरू रहेका छन्। यहाँ माननीयज्यूहरूले केही माननीयज्यूहरूले कुरा राखिसक्नु भएको छ। यसमा आफ्नै खालका दृष्टिकोण रहेका छन्। के नेपाली जनताको धरोहर सिंहदरबार जलाउनु र त्यही वरिपरि

बसेका सुरक्षाकर्मीले टुलुटुलु हेरे बस्नु भएको वा उनीहरूलाई खबरदार आगो निभाउलास भनेर खबरदारी गर्नु आन्दोलन हो ? के नेपाली जनताको आस्थाको केन्द्र सर्वोच्च अदालत वा अरू न्यायालय जलाउने आन्दोलन हो ? के जनताका रगत पसिनाले बगाएर बनाएका गणतन्त्रको प्रतिक राष्ट्रपति भवन देखि जनताको आगनको सरकार वडा कार्यालयसम्म, सयौं कार्यालय देखि अग्रज र सहिदका स्मारकहरू सम्म, अर्थतन्त्रका मेरुदण्ड, व्यवसायिक प्रतिष्ठान देखि व्यक्तिका निजी सम्पत्तिसम्म यो आगलागी विधवंश, लुट कुनै आक्रोशको परिणत थिए वा कुनै स्वतःस्फुर्त रुपमा घटित घटना थिए। यसको पनि समीक्षा आउँदैछ। हामी यति मात्र भन्न सक्छौं, भदौ २३ र २४ गतेका त्रासदीपूर्ण घटना पछि मुलुक असामान्य अवस्थामा धकलिएको थियो र छ अहिले पनि संविधान भन्दा बाहिर वा संविधानको कुने धाराले नचिन्ने सरकार सञ्चालित छ। यतिबेला संवैधानिक राष्ट्रपति र असंवैधानिक सरकार यस्तो अवस्थाबाट मुलुक गुज्रीरहेको छ। यसलाई स्वच्छ मूल्याङ्कन गर्ने हो भने भदौ २३ गते नवयुवाहरूका सुशासन, पारदर्शिता, भ्रष्टाचारको अन्त्य र सामाजिक सञ्जाल निर्वात उपयोग सम्बन्धी माग र शान्तिपूर्ण प्रदर्शन भित्र घुसपैंट गरेर त्यसलाई जसरी योजनावद्ध रूपमा हिंसात्मक मुडभेडमा परिणत गियो यो र १९ जना युवाहरूको ज्यान जाने दुःखद पूर्ण घटना घट्यो त्यो अकल्पनीय थियो। त्यहीं घटनालाई बहाना बनाएर भोलिपल्ट भाद्र २४ गते मुलुकलाई जसरी खरानीको थुप्रोमा बदल्ने अपराधी काम भयो अन्य ५७ जनाको ज्यान जाने गरि घटना घटाइयो नेपालको इतिहासकै सर्वाधिक त्रासदीपूर्ण घटना थियो। त्यस दिन एकैसाथ कार्यकारी विधायिक र न्यायिक संरचना भ्रस्त पारी त्यो लोकतन्त्र समाप्त पार्ने, संविधान असफल बनाउने, राष्ट्रलाई दकौ पछाडी धकेलिएर क्रमशः भूराजनीतिक भुमरीमा फसाउदै नेपाललाई असफल राष्ट्रमा बदल्ने नियोजित

षड्यन्त्रको एउटा अङग थियो भनेर किटानीका साथ भन्न सकिन्छ। नेपाललाई ध्वस्त बनाउन ति अपराधिक पात्रहरू वा शक्तिहरू को थिए त ? समय क्रममा त्यस पछाडिका पात्र, समूह र विध्वंस शक्तिहरूको मुखण्ड पनि क्रमशः खुल्दै गएको छ। अझै खुल्दै जानेछ। हामी राजनीतिक दलहरूले होइन जनताको लेभलबाटै तिनिहरूको मुखुन्डो उतार्ने काम भैराहेको छ। म त्यस क्रममा ज्यान गुमाउने नव युवाहरू तथा कर्तव्य पालनाका सिलसिलामा ज्यान गुमाउने सुरक्षाकर्मीहरू प्रति श्रद्धा सुमन अर्पण गर्दछु। साथै सम्पूर्ण घाइतेहरूको पूर्ण शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु।

सम्माननीय अध्यक्ष महोदय, त्यति मात्र होइन यो घटनाको बारेमा सत्य तथ्य बुझेर दोषी उपर कारबाही गर्ने गरि स्वतन्त्र, निष्पक्ष, छानबिन गर्ने छानबिन आयोग गठन गर्नुपर्छ भनेर तत्कालीन केपी ओलीको सरकारले निर्णय नै गरिसकेको थियो। त्यसलाई म दोहोऱ्याउन चाहन्छु। त्यस्तो आयोग सर्वोच्च अदालतका पूर्व न्यायाधीशको अध्यक्षतामा गठन गरिनु पर्छ भन्ने हाम्रो दलको धारणा रहेको थियो र अहिले पनि हामी त्यही अडानमा रहेका छौं। अब पनि हामीले उपरोक्त समयमा समग्र परिस्थितिको स्वतन्त्र अध्ययन अनुसन्धान गरेर सत्य तथ्य सार्वजनिक गर्ने संकल्प गर्नुपर्छ, अनि मात्र उक्त घटनामा ज्यान घुमाउनेहरू र घाइतेहरूलाई न्याय हुनेछ। तर यतिबेला जेनजीहरूको प्रदर्शनलाई हाइज्याक गरिए जस्तै यही असंवैधानिक सरकारले गठन गरेको गौरी बहादुर कार्की नेतृत्वको कथित छानबिन आयोग बनेको छ जसले निष्पक्ष छानबिनको आधार गुमाइ सकेको अवस्था छ किन ? किनभने पहिले नै छानबिन नगरीकन ककसलाई कारबाही गर्नुपर्छ भनेर आफ्नो धारणा सार्वजनिक गरिसकेको थियो। यस्तो पक्षपाती आयोग हाम्रो लागि मान्य हुँदैन भनेर हामीले भनिसकेका छौं र कुनै पनि हालतमा मान्य हुँदैन पनि,

यस आयोगलाई अविलम्ब खारेज गरिनुपर्छ भन्ने हाम्रो धारणा हो। हुन ततत्कालीन प्रधानमन्त्री र गृहमन्त्रीलाई भदौ २३ र २४ का घटनामा सम्भव भएसम्म मुछने र त्यसो गर्न नसकिए पनि मिथ्या प्रचार मिडिया ट्रायल र सम्बन्ध र बयान मार्फत तेजोगत गर्ने प्रयास पनि असफल भइकेको छ।

सम्माननीय अध्यक्ष महोदय, हाम्रो स्पष्ट धारणा के हो भने राज्यका बैद्यता प्राप्त निकायले कुनैपनि विषयमा सोधपुछ गर्न बोलाउँदा त्यहाँ गएर सहयोग गर्ने अख्तियार प्राप्त निकायले मुद्दा अभियोजन गरे त्यसको कानुन सम्म सामना गर्ने र प्रचलित कानुन बमोजिम गल्ती भएको भए उपयुक्त सजाय भोग्न तयार हुने अभ्यास हाम्रो दल नेकपा एमालेले गर्दै आएको छ। विधिको शासनमा विश्वास गर्ने हाम्रो दल यसमा प्रतिबद्ध छ, तर बदनियतका साथ गरिने नाटक मञ्चनको भुलभुलैयामा नेकपा एमाले पर्दैन भन्ने कुरा पनि स्पष्ट छ। जेहोस् कथित जाँचबुझ आयोगको पहिलै लेखिएको पट कथा माथि आधारित नाट्य मञ्चनको पनि पटाक्षेप भएको छ। मुलुकको परिस्थिति अलिकति बदलिएसँगै भदौं २४ को विध्वंससँगै निरन्तरतामा राजनीतिलाई अगाडी लैजाने प्रतिगामी प्रयास कमजोर बन्दै गएको छ। जेनजी भनेको राष्ट्र निर्माण ऊर्जा भएको युवाहरूको समूह हो तर जेनजीका नाममा भएका यस बीचका गतिविधिका बारेमा कुरा गर्दा लोकतान्त्रिक गणतन्त्रका हिमायती दलहरू विरुद्ध नियोजित घृणा फैलाइयो निषेधको व्यवहार तीव्र आक्रमण र हिंसाका घटनाहरू घटाइए विध्वंसलाई विद्रोह र आन्दोलनका नाममा आगजनी तोडफोड गर्नेलाई सामाजिक रूपान्तरणको आन्दोलनकारी भन्दा माथिल्लो दर्जामा महिमा गाउँदै स्थापित दल तिनको नेतृत्व र लोकतान्त्रिक प्रणालीमा माथि झुठा आरोप, धम्की र योजनाबद्ध प्रहारको शृङ्खला चलाइयो। जनादेश प्राप्त सरकारलाई विस्थापित

गरेर एवं जनताका प्रतिनिधिहरूको सर्वोच्च निकाय प्रतिनिधि सभालाई विघटन गरेर रिक्तता सिर्जना गरिएको छ।

यतिबेला हामीले अनिर्वाचित, अराजक र ओहरा प्राप्त गरेका शङ्कास्पद पात्रहरूले कानुन हातमा लिने दुष्प्रयास गरेको पनि नजिकबाट अनुभव गरिरहेका छौं। यसमा एउटा मुद्दा फिर्ताको प्रसङ्ग छ। पूर्व माननीयज्यूले पनि यस बारेमा भनि सक्नु भएको छ। र संगठित अपराध र सम्पत्ति शुद्धीकरण जस्ता कुराहरूलाई सरकारले फिर्ता लिनै मिल्दैन। र अभियोजन सच्याउने भन्ने कुरा त झनै ठगी कुरा हो। ठग हो, यो ठगिएको विषय हो। त्यसले गर्दा खेरी यस्ता कुरालाई अगाडी सारेर यहाँ काम गरिदैं छ। अब त्यति भएर पनि सम्माननीय अध्यक्ष महोदय, यो अहिलेको सरकार नेपाली जनताको लागि निल्नु न ओकल्नुको अवस्थामा रहेको छ। किनभने यो सरकार ढल्यो भने फेरी अर्को सरकार कसरी बन्छ ? यो कसैलाई थाहा छैन। के राष्ट्रपतिले बारम्बार यसरी खल्तीबाट सरकार बनाउन पाउनुहुन्छ? यसको पनि हामीसँग जबाफ छैन। पाउनु हुन्छ नि, किनभने गल्ती त अस्ति त पाउनु भयो भन्दा पनि भयो। तर, अब पनि त्यसै गरियो भने कसैले नमानेर मुलुक अराजकता तर्फ जाने निश्चित जस्तै छ। त्यसैले यतिबेला मुलुकमा संवैधानिक रिक्ततालाई छिटो भन्दा छिटो कसरी पूरा गर्न सकिन्छ भनेर व्यापक बहस भैईरहेको छ। हामीले शीघ्र निर्णयमा पुग्नु पर्ने भएको छ। “संसद पुनर्स्थापना कि शीघ्र निर्वाचन” भन्ने बहसलाई पनि यसैको सेरोफेरोबाट हेर्न सकिन्छ। हामीले के भनिरहेका छौं, भने निश्चित विषयवस्तु र अहिले उठिरहेका केही सवालहरूलाई सम्बोधन गर्ने र संविधान संशोधन गर्दै अगाडिको बाटो तय गर्ने गरि संसद पुनर्स्थापना नै उत्तम बाटो हो। त्यो पुनर्स्थापित भएको संसदले केही विषयहरू निर्णय गर्नेछ, सर्वपक्षीय सरकार बनाउने छ र निष्पक्ष ढङ्गले चुनाव गर्ने वातावरण सिर्जना गर्नेछ। तर नव

युवाहरूको प्रदर्शन र त्यसलाई अपहरण गरेर गरिएको विध्वंसलाई छुट्याएर हेर्ने र कथित कलर रिभोलुसन पछिको समग्र अन्तर वस्तु उद्देश्य र नियतलाई गहिराइका साथ बुझ्न एमाले बाहेक लोकतान्त्रिक दलहरू पनि चुकेको देखियो। त्यसैले संसद पुर्स्थापनाको मुद्दा ओझेलमा परेको छ। हुन त यति बेला ढिलै भए पनि बहुमत प्रतिनिधि सभाका निर्वाचित सांसदहरू र नागरिक समाजका अगुवाहरूले न्यायको लागि अपिल गरिसकेको अवस्थामा न्यायालयका लागि कुनै थप मिसिल झिकाइरहनु पर्ने केही पनि देखिँदैन। सर्वोच्च अदालतका आफ्नै निर्णयका नजिरहरू नै काफी छन्। तर पनि यसको ढिलाईले हामी दोस्रो विकल्पमा जाने बाध्य भइरहेका छौं। यसको तात्पर्य के हो भने लोकतन्त्रमा विश्वास राख्ने दलहरूले निर्वाचनबाट पिठुँ फर्काएर भाग्नु हुँदैन भन्ने मान्यताका साथ हामी निर्वाचनका गतिविधिहरूमा भाग लिइरहेका छौं। तर फागुन २१ को प्रस्तावित निर्वाचनको बारेमा हामीले सुरु देखि नै स्पष्ट मान्यता राख्दै आएका छौं। शान्तिपूर्ण भयरहित र निष्पक्ष निर्वाचनको वातावरण सरकारले बनाउन सकेको छैन।

निर्वाचनको मूल मर्म भनेकै निर्भयताको वातावरण निर्माण हो। तर भदौ २४ गते भगाइएका कैदीहरू मध्ये ५ हजार भन्दा बढीलाई बाहिरै राखेर लुटिएका आधुनिक हतियार मध्ये ७०० भन्दा बढी हतियार र हजारौं राउन्ड गोली बाहिरै राखेर त्यसै पनि मनोबल खस्किएको सुरक्षा निकायलाई प्रत्यक्ष परोक्ष कारबाही र अन्य क्रियाकलापबाट अझ बढी मनोबल खस्काउँदै भदौ २४ को विध्वंसमा संलग्न र पछि पनि विभिन्न अपराध कर्ममा लागेकाहरू माथि अनुसन्धान तहकिकात र अभियोजन गर्न बाधा सिर्जना गरेर सरकारले कसरी भयरहित निर्वाचनको प्रत्याभूति गर्न सक्छ। यस्ता प्रश्नहरूका बीचमा नै निर्वाचन सम्बन्धी यी सबै काम भइरहेका छन् भन्ने पनि हामीले हेक्का राखेकै अवस्था हो। अर्को तिर हेर्ने हो भने समाजलाई

एकातिर युवाहरू र अर्कोतिर वृद्ध उमेर समूहका बीचमा विभाजित गर्ने चेष्टा भयो र भइरहेको छ। राजनीतिलाई कुनै विचारधारा दर्शन मुद्दाका आधारमा होइन, नयाँ र पुरानो हानिकारक कित्ताकाट तिर उन्मुख गराइयो र अहिले पनि त्यो जारी छ। लोकतान्त्रिक प्रणालीले काम गरेन पुराना पार्टीहरू असफल भए, राजनीतिक विचारधाराहरू असान्दर्भिक भए र पुराना नेताहरू समाजको बाधक भए भन्ने नकारात्मक भाष्य निर्माण गरियो र त्यसै जगमा पपुलिस्टहरू टाउको उठाउने कोसिस गरिरहेका छन्। के नवयुवाहरू पुराना पुस्ताहरूको बीचमा कित्ताकाट गरेर यो समाज रूपान्तरण गर्न सकिन्छ ? पक्कै पनि नयाँ पुस्ताहरूको जोश जाँगर र पुराना पुस्ताहरूको हौसला र अनुभवबाट मात्र सामाजिक रूपान्तरणको काम सम्पन्न गर्न सकिन्छ र समृद्ध नेपाल सुखी नेपालको परिकल्पनालाई पूरा गर्न सकिन्छ। अझ नयाँ पुस्ताका नाममा गैर जेनजीहरूले जेनजी आन्दोलनको अपहरण गरेको जेनजीका नाममा पटक-पटक परीक्षित भएका पुरानै पात्रहरूको सरकार बनेको नयाँ भनिने समूहहरूको नेतृत्व पनि त्यस्तै थोत्रा र दूषित पात्र पात्रहरूले कब्जा गरिरहेको अवस्थाका बीच नेकपा एमालेको एघारौं महाधिवेशनबाट भनाइबाट मात्र होइन व्यवहारबाट बाटै नयाँ पुस्तास्तरको प्रक्रिया अगाडी बढाइएको छ। यसमा विचारणीय के छ भने मूल नेतृत्व परिवर्तन गरेर मात्र पुस्तान्तरण हुन्छ, भन्ने होइन। बरु समय सापेक्ष ढङ्गले कसरी क्रमशः नवयुवाहरूलाई राजनीतिमा जिम्मेवारी दिँदै अगाडी बढाइँदैछ, भन्ने कुरा महत्त्वपूर्ण हो भन्ने हामीले बुझ्नु जरुरी छ। नेकपा एमालेले दलले त्यही गरिरहेको छ। राजनीतिक पार्टीहरूकै भूमिकाको बलमा लोकतन्त्र बलियो हुन्छ। तर यतिबेला विचारहिन विचार बिहिन कुनै सार्वजनिक जवाफदेहिता नभएका र सामाजिक नैतिकताका दृष्टिले विवादास्पद पद्धतिहरू एक ठाउँमा जम्मा भएर लोकतान्त्रिक

प्रणाली विचार र संस्थाहरूलाई चुनौती दिइरहेको अवस्था छ। हुन त, तिनिहरू पनि यतिबेला राजनीतिक दल बनाएर आइरहेका छन्। एकातिर दलहरूको औचित्य माथि प्रश्न उठाएर गालीगलौज गर्ने र अर्को तिर दल बनाएर बनाउने आउने यो कुरा पनि विरोधाभासपूर्ण रहेको छ। यसबाट जनतालाई कसरी झुकाइँदैछ भन्ने बुझ्नु जरुरी छ। यतिबेला विध्वंसलाई आन्दोलन र पपुलिजमलाई अग्रगामी विकल्प भन्ने खुबै प्रचार गरिएको छ। तर न त विध्वंस आन्दोलन हो न त पपुलिजम नै अग्रगामी विकल्प हो। पपुलिजमले मुलुकको स्थायित्व, लोकतान्त्रिक प्रणाली र जनताको भावनामा खेलबाड गर्दै मुलुकलाई कमजोर बनाउँछ। समाजमा सामूहिक निराशा सिर्जना गर्छ र पपुलिजम सामाजिक असन्तुष्टि, अराजकता र त्यसपछि विध्वंस यस्तै सिलसिला चल्दै जान्छ र थप समयमा समस्या जन्माउँदै जान्छ। दक्षिण एसिया, युरोप र अफ्रिकाका कैयौं देशहरू पनि यस्तै प्रवृति र गतिविधिहरूको सिकार भएका कारण धराशायी भइरहेका छन्।

सम्माननीय अध्यक्ष महोदय, सत्तामा जान जस्तो सुकै हर्कत गर्न तयार हुने वा जस्तो सुकै सम्झौता गर्ने पपुलिस्ट पात्रहरूले हाम्रो जस्तो देशमा भयावह भूराजनीतिक जोखिम पनि निम्ताउन सक्छन्। त्यसैले यतिबेला भदौ २४ को विध्वंसको जङ्गमा खडा भएको लोकतन्त्र र संविधानलाई कमजोर गर्न उद्धत र विभिन्न सपना बेच्दै एकत्रित हुन खोजिरहेका पपुलिस्ट र पदभ्रष्ट तत्वहरूबाट जनतालाई भ्रम मुक्त गर्नुपर्ने हाम्रो दायित्वको विषय बनेको छ। मुलुकका सामु उत्पन्न चुनौती अन्त्य भइसकेका छैनन्। लोकतन्त्र सङ्कटमा छ, संविधान मिचिएको अवस्था छ, जननिर्वाचित सरकारको ठाउँमा संविधान बाहिरको अनिर्वाचित सरकार छ। समाज अराजकता निषेध र हिंसाको धम्कीबाट अझै पनि त्रस्त छ। राष्ट्रिय एकता कमजोर हुँदै जाँदा बाह्य चलखेलको जोखिम बढेको छ। राष्ट्रिय हितको

रक्षामा नयाँ चुनौती थपिएका छन्। मुलुकमा केही पनि भएन भनेर जबरजस्त सिर्जना गरिएको नकारात्मक भाष्य छ। युवाहरूमा निराशा र अन्योल छ। समाजमा भ्रम र दुबिधाको अवस्था छ, यसलाई सम्बोधन गर्नुपर्ने जरुरी छ। यसका लागि संविधानका पक्षधर र लोकतान्त्रिक शक्तिहरू बीच निरन्तर संवाद, निरन्तर समझदारी र कतिपय सन्दर्भमा सहकार्य जरुरी छ तर लोकतन्त्रका पक्षधर शक्तिहरू आफैमा मजबुत र एकताबद्ध हुनु पर्नेमा नेपालको सबैभन्दा पुरानो लोकतान्त्रिक पार्टी नेपाली काङ्ग्रेस भित्रको गम्भीर विवाद दुःखदायी कुरा हो। यो सर्वोच्च अदालतमा मुद्दाको तहमा पुगेको छ। नेपाली काङ्ग्रेस भित्रको यो समस्याले लोकतन्त्रलाई नै कमजोर पार्न सक्ने कुरालाई नकार्न सकिँदैन। त्यसैले नेपाली काङ्ग्रेस भित्रको यो समस्या छिटो भन्दा छिटो समाधान होस्, भनेर शुभकामना दिन चाहन्छु।

सम्माननीय अध्यक्ष महोदय, अन्त्यमा जे जस्तो अवस्थामा मा भए पनि एकातिर संसद पुनर्स्थापनाको मुद्दा अगाडि बढिरहेको छ। अर्को तिर निर्वाचन पनि सँगसँगै गइरहेको छ। त्यसैले म पनि भन्छु, अन्तिममा, यो निर्वाचन त्यो एउटा परीक्षा हो, जनताका लागि जसले यो देश बनाउने निर्माण गर्नेलाई मतदान गर्ने कि, अथवा यो देश ध्वंस बनाउने, देखादेखि यो देश ध्वंस बनाउनलाई मतदान गर्ने भन्ने एउटा बहुत ठुलो चुनौतीको बीचमा अहिले निर्वाचन भइरहेको छ। जनताले सहि मूल्याङ्कन गर्नुपर्ने आवश्यकता छ। त्यसमा जनताहरूले सहि र सटीक निर्णय गर्नु हुनेछ, भन्ने विश्वास राख्दै यो अधिवेशनको सफलता हार्दिक सफलता र यसले कम्तीमा पनि यो संविधान जिउँदै छ, भन्ने कुरालाई प्रत्याभूति दिनका लागि यो अधिवेशन जुन आह्वान गरिएको छ। यसमा फेरी पनि यो अधिवेशन आह्वानका लागि पहल गर्नु हुने सम्माननीय अध्यक्षज्यू लगायत सम्पूर्णलाई म हार्दिक धन्यवाद

दिँदै यो अधिवेशनको सफलताको हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छु। धन्यवाद।

(१४:३० बजे) **सम्माननीय अध्यक्ष** : माननीय सदस्य श्री मोहम्मद खालिद।

(१४:३० बजे) **माननीय श्री मोहम्मद खालिद (जनता समाजवादी पार्टी नेपाल)**:- सम्माननीय अध्यक्षज्यू, यो १९औं अधिवेशन हामीलाई के लागिरहेको छ भने लामो अन्तराल पछि भइरहेको छ। यदि हामी दिन गणना गर्छौं भन्ने विगतका जस्तै छ, तर फरक परिस्थितिबाट हामी गुज्रियौ गुज्ररहेका छौं। त्यसले गर्दा यो अन्तराल एकदम लामो लागिरहेको छ। तै पनि विपरीत परिस्थितिमा यस्तो अवस्थामा कि संघीय संसद जलिसकेको थियो र अवस्था गम्भीर नै थियो त्यो अवस्थामा सम्माननीय अध्यक्षज्यूले पहल कदमी गरेर यो सभा हलको लागि सरकारसँग जुन समन्वयात्मक भूमिका निर्वाह गर्नुभयो, त्यसको लागि सम्माननीयज्यूलाई म धन्यवाद दिन चाहन्छु। यस विषयमा सरकारले पनि सकारात्मक भूमिका निर्वाह गऱ्यो। सरकारका विभिन्न निकाय शहरी विकास मन्त्रालय र हाम्रा संसद सचिवालयका पूरा साथी महासचिव र उहाँका पूरा संयन्त्रले राम्रो भूमिका निर्वाह गर्नुभयो। त्यसको लागि पनि म धन्यवाद दिन चाहन्छु। हुन त, प्रतिनिधि सभा नभएको बेलामा चार वर्ष मलाई पनि भयो। राष्ट्रिय सभा विद्यायकी मामिलामा धेरै काम गर्न सक्दैन जस्तो लाग्छ। सरकार पनि सरकारले पनि धेरै बिरबिस दिन सक्दैन। तर यो जननिर्वाचित संस्था भएकोले हामी दुई तीन वटा काम तदारुकताका साथ गर्न सक्छौं। यो अधिवेशनमा राष्ट्रिय सभाले सरकारलाई

विभिन्न सेक्टरमा राम्रो राय, सुझाव, सल्लाह दिन सक्छ। हामीसँग अहिले जनताले धेरै आशा लिएको छ। किनभने यहाँ संघमा हामी जनताका एकलौता प्रतिनिधि छौं अहिले। त्यसले गर्दा अहिले प्रतिनिधि सभा नहुन्जेल जनताका आवाज उठाउने जनताका समस्या सरकार समक्ष पुऱ्याउने र जनताका दुःखका बारेमा कुरा गर्ने हाम्रो दायित्व हो र यो १९औं महाधिवेशनको माध्यमबाट हामी चाहिँ जनताका सरोकारका विषय यहाँ उठाउने नै छौं। त्यसको अवसर हामीले पाएका छौं। त्यसैगरी विशेष परिस्थितिमा विशेष प्रकारका राष्ट्रिय सभाले सरकारलाई निर्देशन पनि दिन सक्छ। त्यो अवसर पनि हामीले पाएका छौं। हाम्रा विद्यायकीका केही कार्यहरू पनि आउने दिनका लागि हामी गर्न सक्छौ। र त्यसमा हामी प्रवेश पनि सायद आज वा आउँदो बैठक देखि हामी गर्न गइरहेका छौं।

आज देश एकदम गम्भीर परिस्थितिमा छ, तर के यो परिस्थितिको जन्म एक्कासी भएको छ? म यो कुराबाट सहमत छु कि, राजनीतिक दलले नेताहरूले राज्यका संयन्त्रले देश र जनताका लागि काम गरेको छ। सहि हो, हामीले जनतालाई सार्वभौम बनाउनका लागि काम गरेका छौं। तर पटक पटक यही रोस्टमबाट मैले आवाज उठाइरहेका थिए। म जस्ता धेरै सांसदहरू  सबै पार्टीका सांसदहरू जनतालाई हामी समृद्ध बनाउन सकेका छैनौं। युवामा जुन निराशा थिए त्यसलाई सम्बोधन गर्न सकेनौ। जहाज भरि-भरि काठमाडौंको त्रिभुवन अन्तरराष्ट्रिय विमान स्थलबाट युवाहरूलाई लगेर कतार, साउदी, मलेसिया अन्यत्र पुऱ्याउने दृश्य हामी हेरिराख्यौं। त्यसमा कमी आएन त्यसमा वृद्धि नै हुँदै गए। प्रत्येक वर्षको डाटा हेर्नुस् युवाहरू पलायनको अवस्था कम भएन, बढ्दै गए। त्यो दुई तिहाइको सरकार होस्, कि मिलेमतोको सरकार होस्, जुन सरकार भए पनि हामीले आशा जगाउन सकेनौ। सबभन्दा राम्रो कुरो हामीले आफ्नो गल्ती स्वीकार गर्नुपर्छ, आत्म

आलोचना गर्नुपर्छ। धेरै राम्रा काम हामीले गऱ्यौ तर यो विषयमा हामी कही न कही चुकेका छौं। जेनजी आन्दोलन त्यसका अन्तिम बिन्दु थियो तर २४ गतेलाई म जस्टिफाई गर्न चाहँदैन। कुनै पनि नेपालीले गर्दैन। कुनै पनि न्याय प्रेमीले गर्दैन। र मलाई लाग्छ कि अहिलेको सरकारले पनि वा आउने सरकारले पनि यस विषयमा कानुन विधि सम्मत कदम चाल्छ भन्ने मैले आशा लिएको छु। यहाँ समस्या के छ भने हामी बहुमतको कुरा मात्र गर्ने, अल्पमतको कुरा नसुन्ने। कहिलेकाहीँ बहुमत पनि गलत हुनसक्छ, अल्पमत पनि सहि हुनसक्छ। २०३६ सालको जनमत सङ्ग्रहमा को जितेको थियो ? के यहाँका दलले त्यसलाई सहि मान्यो ? मानेन अनि अगाडि बढ्यो। संविधान निर्माणको बेलामा मधेश केन्द्रित दल र अधिकारवादी दलहरूले आफ्ना केही भनाइ कुराहरू राखिदैं गर्दै मार्सल लगाएर संविधान जारी भो। धेरै कुराहरू छुट्या थियो त्यहाँ। सम्बोधन हुन सकेन। र आज युवाहरूमा एउटै अनुहार हेर्दा हेर्दा उनीहरूलाई वाक्क लागि सक्यो। सबै दलमा कुरा उठिरहेको छ, बाबा तपाईं कति चोटि प्रधानमन्त्री बन्नुहुन्छ ? कति चोटि बन्दा तपाईलाई पुग्छ चित्त बुझ्छ भन्नुस् न ? तपाईं कति चोटि मन्त्री पद खाने ? कति चोटि तपाईं राष्ट्रपति बन्ने ? कति चोटि तपाईं सांसद बन्ने ? कति चोटि तपाईं राजनीतिक नियुक्ति खाने ? कति चोटि हाली, मुहाली परिक्रमा गरेर चापलुसी गरेर सत्ताको भोग गर्ने ? एउटा सिस्टममा देशलाई ल्याउनुस्, पारदर्शिता ल्याउनुस, मन्त्री बन्नको लागि सांसद किन चाहियो ? संसारका धेरै देशमा यो प्राक्टिस छैन। विकसित राष्ट्रहरूमा प्राक्टिस छैन। यो हर्स ट्रेडिङ जुन खरिद बिक्री राजनीतिक दलका तोडफोड र जनताको अभिमतको अपमान यो सांसदहरूको कारणले गर्दा। यो मन्त्रीको खेलको कारणले गर्दा। सङ्कल्प गरौं नभए राष्ट्रिय सभाबाट हामी तयार गरौं पठाऔं अगाडी कि अब सांसद मन्त्री बन्दैन। विज्ञ मन्त्री बन्छ।

हामीले हेरेका छौं एस.एल.सी. पास छैन विज्ञान मन्त्री छ। ल कृषिको ज्ञान छैन कृषि मन्त्री छ। परराष्ट्रको ज्ञान छैन, केही पनि ज्ञान छैन, परराष्ट्र मन्त्री छ। कानुन जान्दैन कानुन मन्त्री छन्। प्रशासन जान्दैन पढेको पनि छैन गृहमन्त्री छ। अब के छ यो ? हामीले हाँसो ख्याल गर्‍यौं। मजाक गर्‍यौं, ठट्टा गर्‍यौं। उपलब्धि दिन सकेनौ। त्यसले गर्दा यो असन्तोष भएको हो। हाम्रो देशमा ट्यालेन्टको कमी छैन। यो देशमा ट्यालेन्ट छ। हामीले उपयोग गर्न सकेनौ। हाम्रो ट्यालेन्ट मलेसियामा छ। दुःखका साथ भन्न चाहन्छु। हाम्रो ट्यालेन्ट साउदी, कतारमा छ, अस्ट्रेलियामा छ, क्यानाडामा, अमेरिकामा छ। किन यहाँ परेन हाम्रो संयन्त्र भित्र किन परेन, उहाँ राम्रा त थिए, हाम्रा थिएन। यसबाट देशलाई जोगाउनु पर्छ। यो परिस्थितिबाट देशलाई जोगाउनु पर्छ। वास्तवमा यदि हामी सेवा गरिरहेका छौं, भने हामी जितेर आयौं हामीले सरकार बनायौं। किन चाहियो मेरो मान्छे, किन चाहियो मेरै सांसद, किन चाहियो मेरै नातागोताका व्यक्ति यहाँ त्यो नेपाली किन चाहिएन जोसँग सम्बन्धित क्षेत्रको अनुभव, सिप र ज्ञान छ। त्यसलाई निकास दिन सक्छ। उहाँहरूलाई वञ्चित गरेर आज विभिन्न युवाहरूलाई हामी हेर्दै छौं। नेपाली युवाहरूलाई आफ्नो श्रम विदेशमा बेच्न गइरहेका छन्। जोगाउ हामी हाम्रा ट्यालेन्ट आज युनाइटेड स्टेट म सधैं भन्ने गर्छु, युनाइटेड स्टेट अमेरिका आज अमेरिका यस कारणले गर्दा छ कि, उसले आफ्नो ट्यालेन्टको सम्मान गर्‍यो र उ कहाँ छैन भन्ने बाहिरबाट ल्याएर सम्मान दिन्छ अनि काम गराउँछ। हामी आफ्नो ट्यालेन्टलाई लत्याउँछौ। किनभने त्यो हाम्रा परेन। राजनीतिक नियुक्तिमा पनि त्यही हाल छ। आज कूटनीतिक नियोगमा मान्छे पठाउँदा हामीले उसको अनुभव हेर्दैनौ। त्यो मेरो पार्टीको हो। मेरो लागि यति वर्ष काम गरिएको हो। उसलाई लाई व्यवस्थापन गर्न सकेन ल फलानो ठाउँमा हामी व्यवस्थापन

गरिदिऔं। यी कारणहरूले गर्दा धेरै निराशा हामीहरूको बीचमा आएको छ यी कुरा स्वीकार्न पर्छ। यथार्थ छ। अर्को कुरो वैचारिक फरक छ मत भिन्नता छ जहाँ ३ करोड जनता रहन्छ, यी कुराहरू रहन्छन्। स्वाभाविक हो, तर यी कुराहरू द्वन्द्व तिर जानु हुँदैन। कहिले पनि जानु हुँदैन। सामाजिक राजनीतिक धार्मिक र अन्य द्वन्द्वले देशमा कहिले पनि समृद्धि ल्याउँदैन। कुनै पनि हालतमा ल्याउँदैन। आज हामी यस्तो अवस्थाबाट गुज्रिरहेका छौं कि, कसैलाई आफ्नो इज्जत जोगाउन गाह्रो छ। हेट घृणाको परिस्थिति यो अवस्थामा के, के हामी नेपाल बनाउन सक्छौ ? सक्दैनौ। त्यसले गर्दा आफ्नो भिन्नतालाई मत भिन्नतालाई वैचारिक मत भिन्नतालाई मिनिमाइज गर्दै, त्यसलाई म्यानेज गर्दै नेपालको हितमा राष्ट्रको हितमा राष्ट्र निर्माणको हितमा एकत्रित हुन अहिले जरुरी छ। एकदम जरुरी छ। हामी ठुलो, हाम्रो दल ठुलो, हाम्रो दलको हित ठुलो, कि हाम्रो देश ठुलो निर्णय गर्ने हाम्रो हातमा छ। यदि हामीलाई हारेर देशले निकास पाउँछ भन्ने हामी हार्नमा खुशी छौं। हार्छौं हामी त्यो हारलाई सहर्ष स्विकार्छौं। यो अधिवेशन पहिला जस्तै यो सत्र पहिला जस्तै देश जनता र सरकारको लागि सकारात्मक, रचनात्मक र क्रिएटिभ हुन्छ, भन्ने आशा लिँदै र त्यसको शुभकामना दिँदै म बिदा हुन चाहन्छु। धन्यवाद।

(१४:४५ बजे) **सम्माननीय अध्यक्षः-** माननीय सदस्यहरू दलबाट बोल्ने माननीयहरूको क्रम यहीं सकिन्छ। अघि मैले शुभकामना मन्तव्य दिंदा २०२५ अक्टोबर हुनु पर्ने २०२५ सेप्टेम्बर भए छ तर सच्याएको छु यहाँ प्राविधिककै कमजोरी भएको अघि पनि..... अप्ठ्यारो नि भो तर ठिकै छ। माननीय सदस्यहरू,

राष्ट्रपतिको कार्यालयबाट मन्त्रिपरिषद् गठन र कार्यभार तोकिएको सम्बन्धी पत्रहरू प्राप्त हुन आएका छन्, अब, उक्त पत्रहरूको बेहोरा क्रमशः जानकारी गराउँछु।

क. "सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेलले मुलुकमा उत्पन्न विषम तथा असाधारण परिस्थितिलाई सम्बोधन गर्दै युवा पुस्ताद्वारा प्रकट गरिएको इच्छा र आकङ्क्षा अनुसार राजनीतिक दल तथा सरोकारवालाहरु सँगको परामर्शसमेतका आधारमा नेपालको संविधान बमोजिम राष्ट्रपतिका अन्तरनिहित संवैधानिक अधिकार प्रयोग गरी नेपालको संविधानको पालना र संरक्षण एवम् नेपालको राष्ट्रिय एकताको प्रवर्धन गर्न आवश्यक भएकोले राष्ट्राध्यक्षको हैसियतले प्रधानमन्त्रीको सिफारिस र सहमतिको आधारमा नेपालको संविधानले राष्ट्रपतिलाई सुम्पिएको संवैधानिक प्रतिबन्धात्मक व्यवस्था बमोजिम ६ (छ) महिनाभित्र प्रतिनिधि सभाको अर्को निर्वाचन सम्पन्न गर्ने गरी श्री सुशीला कार्कीलाई मिति २०८२ साल भदौ २७ गते नेपालको अन्तरिम सरकारको प्रधानमन्त्री पदमा नियुक्त गर्नु भएको बेहोरा अनुरोध छ।

(डा. दिपक काफ्ले)
सचिव
२०८२ भदौ २९

ख. सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेल कतारको दोहामा सम्वत् २०८२ साल कात्तिक १७ गते देखि २० गते सम्म आयोजना हुने सेकेण्ड वर्ल्ड समिट फर सोसियल डेभलेपमेन्ट विषयक कार्यक्रममा सहभागी हुन नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै सम्बत् २०८२ साल कात्तिक

१७ गते (तदनुसार ०३ नोभेम्बर, २०२५) सोमबारका दिन त्यसतर्फ प्रस्थान गर्नु हुने भएकोले वहाँको अनुपस्थितिमा राष्ट्रपतिबाट गरिने कार्यहरु नेपालको संविधानको धारा ६७ को उपधारा (२) बमोजिम सम्माननीय उपराष्ट्रपतिले सम्पादन गर्ने गरी तोक्नु भएको बेहोरा अनुरोध गर्दछु।

(डा. दिपक काफ्ले)
सचिव
२०८२ कार्तिक १६

ग. सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेलले नेपालको संविधान बमोजिम प्रधानमन्त्री श्री सुशीला कार्कीको नेतृत्वमा संवत् २०८२ साल भदौ २७ गते गठित मौजुदा मन्त्रिपरिद्मा प्रधानमन्त्रीको सिफारिस बमोजिम देहायअनुसार नियुक्ति, हेरफेर र कार्यविभाजन गरी मिति २०८२/०९/११ गते मन्त्रिपरिद् गठन गर्नु भएको व्यहोरा अनुरोध गर्दछु।

घ.

| क्र.सं | नाम, थर | पद | कार्यविभाजन |
|---|---|---|---|
| १. | श्री सुशीला कार्की | प्रधानमन्त्री | रक्षा मन्त्रालय |
| २. | श्री रामेश्वर प्रसाद खनाल | मन्त्री | अर्थ मन्त्रालय; सङ्घीय मामिला तथा समान्य प्रशासन मन्त्रालय |

| | | | |
|---|---|---|---|
| ३. | श्री कुलमान घिसिङ | मन्त्री | ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय; भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय; सहरी विकास मन्त्रालय |
| ४. | श्री ओम प्रकाश अर्याल | मन्त्री | गृह मन्त्रालय |
| ५. | श्री अनिलकुमार सिन्हा | मन्त्री | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय;<br>कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय;<br>संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय। |
| ६. | श्री महावीर पुन | मन्त्री | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय |
| ७. | श्री मदनप्रसाद परियार | मन्त्री | कृषि तथा पशुपन्छी विकास मन्त्रालय |
| ८. | श्री जगदीश खरेल | मन्त्री | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय |
| ९. | श्री सुधा गौतम | मन्त्री | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय |
| १०. | श्री बब्लु गुप्ता | मन्त्री | युवा तथा खेलकुद मन्त्रालय |
| ११. | श्री कुमार इङ्नाम | मन्त्री | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय। |

| | | | |
|---|---|---|---|
| १२. | श्री राजेन्द्रसिंह भण्डारी | मन्त्री | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय; खानेपानी मन्त्रालय |
| १३. | श्री माधवप्रसाद चौलागाई | मन्त्री | वन तथा वातावरण मन्त्रालय |
| १४. | श्री श्रद्धा श्रेष्ठ | मन्त्री | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय |
| १५. | श्री बालानन्द शर्मा | मन्त्री | परराष्ट्र मन्त्रालय |

(डा. दिपक काफ्ले)
सचिव
२०८२ पुस ११ गते

ङ. सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेलले सम्माननीय प्रधानमन्त्री सुशीला कार्कीको सिफारिसमा मौजुदा मन्त्रिपरिषद्का शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री श्री महावीर पुन, सञ्चार तथा सूचना प्रविधि मन्त्री श्री जगदीश खरेल र युवा तथा खेलकुद मन्त्री श्री बब्लु गुप्ताले नेपालको संविधान बमोजिम प्रधानमन्त्री समक्ष राजीनामा दिनुभएको हुँदा निजहरुले सम्हाली आउनुभएको मन्त्रालयहरुको कार्यभार समेत प्रधानमन्त्री स्वयम्ले सम्हाल्ने गरी मिति २०८२ माघ ६ गते तोक्नु भएको बेहोरा अनुरोध गर्दछु।

(डा. हरि प्रसाद लम्साल)
सचिव
२०८२ माघ ६

माननीय सदस्यहरू, २०७६ सालको राष्ट्रिय सभा सदस्य निर्वाचनमा गण्डकी प्रदेशबाट निर्वाचित माननीय सदस्य नारायणकाजी श्रेष्ठ र माननीय सदस्य भगवती न्यौपाने एवं सम्माननीय राष्ट्रपतिबाट मनोनीत राष्ट्रिय सभाका माननीय सदस्य बामदेव गौतमले नेपालको संविधानको धारा ८९ को खण्ड (क) बमोजिम लिखित राजीनामा दिनुभएको र २०८० सालको राष्ट्रिय सभा सदस्य निर्वाचनमा सुदूरपश्चिम प्रदेशबाट निर्वाचित सदस्य बलदेव बोहराको निधन भएको हुँदा उपरोक्त राष्ट्रिय सभा सदस्यहरूको स्थान रिक्त भएको बेहोरा जानकारी गराउँदछु।

माननीय सदस्यहरू, अब विकास, आर्थिक मामिला तथा सुशासन समितिका माननीय सभापति कमला पन्तलाई "राष्ट्रिय सदाचार नीति सम्बन्धी अध्ययन प्रतिवेदन, २०८२ सम्बन्धी समितिको प्रतिवेदन" सभा समक्ष पेस गर्न समय उपलब्ध गराउँछु।

**(१४:५२ बजे)** **माननीय विकास, आर्थिक मामिला तथा सुशासन समिति, सभापति श्री कमला पन्तः-** सम्माननीय अध्यक्षज्यू, नेपालको संविधानको धारा ९७ को उपधारा १ र राष्ट्रिय सभा नियमावली, २०७५ बमोजिम राष्ट्रिय सभाको नियमित कार्यमा सहयोग पुऱ्याउन राष्ट्रिय सभामा रहेको ४ वटा विषयगत समितिहरू मध्ये विकास, आर्थिक मामिला तथा सुशासन समिति एक स्थायी विषयगत समिति

हो। समितिको कार्यक्षेत्र अन्तर्गत रहेको शासकीय सुधार र सुशासन प्रवर्धन सम्बन्धमा समितिको वार्षिक कार्ययोजना अनुसार राष्ट्रिय सदाचार नीतिको आवश्यकता बारेमा समितिबाट विस्तृत अध्ययन गरि राष्ट्रिय सदाचार नीति सम्बन्धी अध्ययन प्रतिवेदन, २०८२ तयार गरिएको छ। अध्यक्ष महोदय नेपाल सरकारको तत्कालीन माननीय गृहमन्त्री रमेश लेखकलाई समितिको बैठकमा आमन्त्रण गरि सुरु गरिएको समितिको अध्ययन कार्यको सम्बन्धमा माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री अजय कुमार चौरसियालाई समेत आमन्त्रण गरि समितिले छलफल गरेको थियो। सरकारको विगतमा राष्ट्रिय सदाचार नीति जारी गर्ने प्रयास गरेको भए पनि सरोकारवाला सँग पर्याप्त छलफल र सहमति जुटाउन नसक्दा उक्त नीति हालसम्म पनि जारी हुन् सकेको छैन। देशमा व्याप्त आर्थिक अनुशासन हीनता, अनियमितता एवम् बढ्दो भ्रष्टाचारका कारण राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय स्तरमा नेपालको छवि राम्रो हुन्न सकेको छैन। अध्यक्ष महोदय, शासकीय व्यवस्थामा व्यावसायिक निष्ठा र इमान्दारीताको संस्कृति आफैंबाट स्वघोषित रूपमा व्यवहारमा ल्याउनु पर्ने। भ्रष्टाचार नियन्त्रण सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिको प्रतिबद्धता पूरा गर्नु पर्ने देखिन्छ। सदाचारयुक्त, नैतिकवान, सुसंस्कृत सम्म र समृद्ध समाजको निर्माण गर्न सार्वजनिक, निजी, गैरसरकारी, सरकारी एवम् वित्तीय शैक्षिक, धार्मिक एवम् सांस्कृतिक क्षेत्रका संस्थाहरूले आफ्नो कार्य प्रकृतिक अनुसार आचारसंहिता जारी गरि सदाचारको नियमहरूको पालना गर्नुपर्ने देखिएको छ। संघ, प्रदेश र स्थानीय तहमा नै राष्ट्रिय सदाचार नीतिको अवलम्बन एकीकृत आचारसंहिता एवम् सदाचारिता ऐनको निर्णय र कार्यान्वयन गर्दै त्यसको अनुगमन र मूल्याङ्कनमा राज्यको पुनर्संरचना सँगै संसदीय समिति, न्याय परिषद्, संवैधानिक निकाय एवम् राष्ट्रिय सतर्कता केन्द्र लगायतका नियामक निकायको भूमिकामा

पुनरावलोकन गरि प्रभावकारी बनाउनु पर्ने देखिएको छ। सुशासन व्यवस्थापन एवम् शासकीय सुधार लगायतका क्षेत्रमा विद्यमान नीति कानुन रणनीति कार्यविधिको परिमार्जन संस्थागत एवम् संरचनागत सुधार र निष्ठा एवम् सदाचारका सबलीकरण गर्नु पर्ने छ।

नेपाली संस्कृतिमा खस्किदैं गएको नैतिकता एवम् नैतिक शिक्षाको अनुसरण आदर सम्मानको परम्परा कायम गर्न विद्यालय देखि नै जोड् दिनु पर्ने छ। अध्यक्ष महोदय, राष्ट्रिय सदाचार नीतिको आवश्यकता, अवधारणा एवम् समावेश गर्नु पर्ने विषयवस्तुहरूको बारेमा समितिले प्रदेशहरूमा गरेको अन्तरक्रियात्मक छलफल र सरोकारवाला समूहहरूसँगको कार्यशालाबाट सुझाव सङ्कलन प्रश्चात विज्ञ समूहको कार्य दलबाट मस्यौदा गरि समितिबाट पारित यस प्रतिवेदनमा राष्ट्रिय सदाचार नीतिको प्रस्तावित मस्यौदा समेत समावेश गरिएको छ। यसले नेपाल सरकारलाई राष्ट्रिय सदाचार नीति जारी गर्न मार्ग निर्देशन दिने अपेक्षा गर्दछ। अध्यक्ष महोदय, समितिको यस कार्यमा मार्ग निर्देश गर्नु हुने राष्ट्रिय सभाका सम्माननीय अध्यक्ष, माननीय उपाध्यक्ष प्रति हार्दिक कृतज्ञता प्रदान गर्दै प्रतिवेदन तयारीमा महत्त्वपूर्ण सुझावहरू दिनु हुने तत्कालीन माननीय गृहमन्त्री, माननीय कानुन न्याय तथा संसदीय मामिलामन्त्री, प्रदेशका माननीय मुख्य मन्त्रीहरू, समितिका माननीय सभापतिहरू, समितिका माननीय सदस्यहरू, प्रदेश सभाका माननीय सदस्यहरू, संघीय संसदका महासचिव, राष्ट्रिय सभाका सचिव, सचिवालयका सचिव, समिति सचिवालयका कर्मचारीहरू, मन्त्रालयका पदाधिकारीहरू, विषय विज्ञ, विभिन्न संघसंस्थाको पदाधिकारी, सरोकारवाला एवम् पत्रकार लगायत सबैलाई धन्यवाद व्यक्त गर्दछु। राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १५९ बमोजिम समितिबाट पारित गरिएको यस “राष्ट्रिय सदाचार नीति सम्बन्धी अध्ययन प्रतिवेदन

२०८२” सम्मानित सभामा पेस गर्दछु। धन्यवाद।

(१४:५७ बजे) **सम्माननीय अध्यक्षः-** माननीय सदस्यहरू, अब विधायन व्यवस्थापन समितिका माननीय सभापति तुलसा कुमारी दाहाललाई “पर्यटन विधेयक, २०८१ सम्बन्धी समितिको प्रतिवेदन" लाई सभा समक्ष पेस गर्न समय उपलब्ध गराउँछु।

(१४:५८ बजे) **माननीय विधायन व्यवस्थापन समिति, सभापति श्री तुलसा कुमारी दाहाल)ः-** सम्माननीय अध्यक्ष महोदय, राष्ट्रिय सभाको संवत् २०८२ साल साउन २१ गते बसेको बैठकलाई राष्ट्रिय सभामा उत्पत्ति भएको पर्यटन विधेयक, २०८१ माथि दफावार छलफलको लागि यस समितिमा पठाएको थियो। यस विधेयक उपर ३० जना माननीय सदस्यहरूले १३१ वटा बुँदामा संशोधन प्रस्ताव दर्ता गराउनु भएको थियो। प्राप्त संशोधन प्रस्ताव सहित विधेयक माथि संवत् २०८२ सालको पुष १४ गते सैद्धान्तिक छलफल भएको थियो। तत्पश्चात् सरोकारवालासँग समिति छलफल गरि दफावार छलफल आरम्भ गरिएको थियो। यस विधेयकको कार्यसूचीमा आधारित भएर समितिका ९ वटा बैठक बसेका थिए। प्रस्तुत विधेयकले पर्यटन उद्योगको व्यवस्थापन, पर्यटक गतिविधिको प्रवर्धन र नियमन गर्नु, पर्यटकको हित सुरक्षा र सुविधा वृद्धि गर्न तथा पर्यटन क्षेत्रका दिगो विकासका लागि संघ, प्रदेश र स्थानीय तहमा सहकार्य वृद्धि गर्दै राष्ट्रिय अर्थतन्त्रमा पर्यटन क्षेत्रको योगदान वृद्धि गर्ने उद्देश्य लिएको छ।

समितिका बैठकहरूमा विधेयक प्रस्तोता माननीय मन्त्री, संशोधनकर्ता माननीय सदस्यहरू, पर्यटन मन्त्रालयका सम्बद्ध कर्मचारीहरू, कानुन न्याय तथा

संसदीय मामिला मन्त्रालयका सम्बद्ध कर्मचारीहरू, सरोकारवाला लगायत व्यक्तिहरूको उपस्थित रहेको थियो। ७४ वटा दफामा र १ अनुसूचीमा रहेको यस विधेयकमा प्रतिवेदनको प्रस्तावना सहित ६४ वटा दफा र अनुसूचीमा संशोधन गरि विधेयकलाई परिमार्जन गरेको छ। प्रतिवेदनले सम्पर्क अधिकृतको काम, कर्तव्य र अधिकार सरदार र पर्वतारोहण पथ प्रदर्शक काम, कर्तव्य पर्वतारोहण दलको नेताको दायित्व र जिम्मेवारी क्यासिनोको वर्गीकरण, स्तरोन्नति र क्षेत्र विस्तार सम्बन्धी व्यवस्था साहसिक मनोरञ्जन र आपक तथा अन्य पर्यटन व्यावसायिकको प्रदेश र स्थानीय तहको कार्यक्षेत्र अनुसार वर्गीकरण मुद्दा ऐन अधिकारी र कारबाहीको गतिविधि पहुँचयुक्त पर्यटक पूर्वाधार विकास लगायतका विषयमा थप गरि विधेयकलाई थप परिस्कृत गरेको छ। यस विधेयकमाथि विभिन्न चरणमा भएका औपचारिक अनौपचारिक, छलफलहरूमा सहभागी हुनका साथै प्रतिवेदन लेखनमा सहयोग गर्नु हुने सम्बद्ध सबैलाई हार्दिक धन्यवाद गर्न चाहन्छु। सम्माननीय अध्यक्ष महोदय, सम्माननीय अध्यक्ष महोदयको अनुमतिले समिति द्वारा सम्बत् २०८२ साल माघ ७ गते पारित पर्यटन विधेयक, २०८१ सम्बन्धी प्रतिवेदन यस सम्मानित सदन समक्ष पेस गर्दछु। धन्यवाद।

**(१५:०१ बजे) सम्माननीय अध्यक्षः-** माननीय सदस्यहरू, अब माननीय गृह मन्त्री ओमप्रकाश अर्याललाई "मतदाता नामावली ऐन, २०७३ लाई संशोधन गर्न बनेको अध्यादेश, २०८२", “प्रतिनिधि सभा सदस्य निर्वाचन (पहिलो संशोधन) अध्यादेश, २०८२” र “नेपाल विशेष सेवा ऐन (दोस्रो संशोधन) अध्यादेश, २०८२" लाई सभा समक्ष पेस गर्न समय उपलब्ध गराउँछु।

(१५:०२ बजे) **<u>माननीय गृह मन्त्री श्री ओम प्रकाश अर्याल</u>:-** सम्माननीय अध्यक्ष महोदय, मतदाता नामावली ऐन, २०७३ को दफा ४ को उपदफा (२) मा आयोगले मतदाता नामावली सङ्कलन तथा अद्यावधिक गर्दा आयोगबाट निर्धारित स्थान र समयमा एकै पटक वा पटक-पटक हुने गरी तोक्न सक्नेछ भन्ने व्यवस्था गरिएको छ भने कुनै एक गाउँपालिका वा नगरपालिकाको कुनै एक वडाको मतदाता नामावली सङ्कलन वा अद्यावधिक गर्दा एकै पटक गर्नु पर्ने, निर्वाचनको मिति घोषणा भइसकेपछि सो निर्वाचनको प्रयोजनको लागि मतदाता नामावलीमा नाम दर्ता नगरिने तथा मतदाता नामावली सङ्कलन तथा अद्यावधिक गर्दा सर्वसाधारणलाई सूचना दिने लगायत अन्य व्यवस्था तोकिए बमोजिम हुने व्यवस्था गरिएको छ।

नेपाल राजपत्रमा प्रकाशित निर्वाचन आयोगको मिति २०८२/३/१६ को सूचना बमोजिम मतदाता नामावली सङ्कलन गर्ने कार्य स्थगन हुन गएको र मिति २०८२/५/२७ को राष्ट्रपतिको कार्यालयको सूचना बमोजिम सम्माननीय राष्ट्रपतिबाट सम्माननीय प्रधानमन्त्रीको सिफारिसमा संघीय संसदको प्रतिनिधि सभा विघटन भई मिति २०८२/११/२१ मा संघीय संसदको प्रतिनिधि सभाको निर्वाचन गर्ने गरी मिति तोकिएकोले उक्त निर्वाचनमा मतदानको लागि मतदाता नामावली सङ्कलन, दर्ता तथा त्यसको अद्यावधिक गर्नु पर्ने भएकोले मतदाता नामावली ऐन, २०७३ को दफा ४ को उपदफा (२) पछि उपदफा (२क) थप गरी प्रतिनिधि सभाको कार्यकाल पूरा हुनु अगावै प्रतिनिधि सभा विघटन भई निर्वाचनको मिति घोषणा भएको अवस्थामा त्यस्तो निर्वाचनको प्रयोजनको लागि आयोगले अवधि तोकी मतदाता नामावली सङ्कलन, दर्ता तथा त्यसको अद्यावधिक गर्न सक्ने गरी मतदाता नामावली ऐन, २०७३ लाई संशोधन गर्न आवश्यक भएकोले नेपालको

संविधानको धारा ११४ को उपधारा (१) बमोजिम सम्माननीय अध्यक्ष महोदयको अनुमतिले सम्मानित सभासमक्ष "मतदाता नामावली ऐन, २०७३ लाई संशोधन गर्न बनेको अध्यादेश, २०८२" पेस गर्दछु। धन्यवाद।

सम्माननीय अध्यक्ष महोदय, नेपालको संविधानको धारा ८४ को उपधारा (२) मा समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने प्रतिनिधि सभाको निर्वाचनका लागि राजनीतिक दलले उम्मेदवारी दिँदा जनसङ्ख्याको आधारमा महिला, दलित, आदिवासी जनजाति, खस आर्य, मधेसी, थारु, मुस्लिम, पिछडिएको क्षेत्र समेतबाट बन्द सूचीको आधारमा प्रतिनिधित्व गराउने व्यवस्था संघीय कानुन बमोजिम हुने व्यवस्था रहेको। प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को अनुसूची-१ मा बन्द सूचीमा प्रतिनिधित्व गराउनु पर्ने समावेशी समूहको प्रतिशत सम्बन्धी व्यवस्था रहेको छ।

संवत् २०७८ सालमा भएको राष्ट्रिय जनगणनाको प्रतिवेदन बमोजिम जनसङ्ख्याको प्रतिशतको आधारमा दलित, आदिवासी जनजाति, खस आर्य, मधेशी, थारू तथा मुस्लिमको जनसङ्ख्याको आधारमा प्रतिशत कायम गर्न आवश्यक भएकोले प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को अनुसूची-१ मा संशोधन गर्न प्रतिनिधि सभा सदस्य निर्वाचन (पहिलो संशोधन) अध्यादेश, २०८२ नेपालको संविधानको धारा ११४ को उपधारा (१) बमोजिम जारी गर्न आवश्यक भएकोले सम्माननीय अध्यक्ष महोदयको अनुमतिले सम्मानित सभासमक्ष “प्रतिनिधि सभा सदस्य निर्वाचन (पहिलो संशोधन) अध्यादेश, २०८२” पेस गर्दछु। धन्यवाद।

सम्माननीय अध्यक्ष महोदय, नेपाल विशेष सेवा ऐन, २०४२ को दफा ४ को उपदफा (१) मा केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७५ बाट संशोधन भई प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय अन्तर्गत राष्ट्रिय अनुसन्धान विभाग

रहने गरी व्यवस्था भएको। प्रस्तुत संशोधन हुनु अघि राष्ट्रिय अनुसन्धान विभाग नेपाल सरकार गृह मन्त्रालय अन्तर्गत नै रहदै आएको। सूचनाको सङ्कलन तथा विश्लेषण सहितका राष्ट्रिय अनुसन्धान विभागबाट सम्पादन हुने कार्यको लागि नेपाल सरकार, गृह मन्त्रालय अन्तर्गतका अन्य निकायहरूको समन्वयमा हुँदा अझ बढि प्रभावकारी हुन जाने सहितका विषयलाई दृष्टिगत गरी नेपाल सरकार, मन्त्रिपरिषदको निर्णयबाट नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७४ मा संशोधन भई राष्ट्रिय अनुसन्धान विभाग गृह मन्त्रालय अन्तर्गत रहने गरी व्यवस्था भई आएकोले सोही बमोजिम कार्य सम्पादन गर्न गराउन नेपालको संविधानको धारा ११४ को उपधारा (१) बमोजिम अध्यादेश जारी भई नेपाल विशेष सेवा ऐनमा संशोधन भएको। नेपालको सुरक्षा कायम राख्न नेपाल विशेष सेवाको गठन र तत् सम्बन्धी सेवा सर्त सम्बन्धमा व्यवस्था गर्न जारी भएको नेपाल विशेष सेवा ऐन, २०४२ को दफा ४ को उपदफा (१) मा रहेका "प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय अन्तर्गत" भन्ने शब्दहरूको सट्टा "नेपाल सरकार, गृह मन्त्रालय अन्तर्गत" राष्ट्रिय अनुसन्धान विभागको स्थापना हुनेछ भन्ने व्यवस्था कायम राख्न आवश्यक भएकोले सम्माननीय अध्यक्ष महोदयको अनुमतिले सम्मानित सभा समक्ष “नेपाल विशेष सेवा (दोस्रो संशोधन) अध्यादेश २०८२” पेस गर्दछु। धन्यवाद।

(१५:०९ बजे) **सम्माननीय अध्यक्षः-** माननीय सदस्यहरू, अब पूर्व मन्त्री एवं प्रतिनिधि सभाका पूर्व सदस्य ऋषिकेश गौतम, पूर्व मन्त्री, संविधानसभा सदस्य एवं प्रतिनिधि सभाका पूर्व सदस्य मोहम्मद आफ्ताव आलम, राष्ट्रिय सभाका पूर्व सदस्य कृष्ण कुमारी श्रेष्ठ, पूर्व मन्त्री, प्रतिनिधि सभा एवं राष्ट्रिय सभाका पूर्व सदस्य

आमोद प्रसाद उपाध्याय र पूर्व मन्त्री एवं प्रतिनिधि सभाका पूर्व सदस्य होमनाथ दाहालको निधनप्रति क्रमशः शोक प्रस्ताव प्रस्तुत गर्दछुः

क. "पूर्व मन्त्री एवं प्रतिनिधि सभाका पूर्व सदस्य ऋषिकेश गौतमको ८४ वर्षको उमेरमा मिति २०८२ साल असोज ३१ गते निधन भएकोमा राष्ट्रिय सभाको यो बैठक गहिरो शोक प्रकट गर्दछ।

स्वर्गीय गौतम नेपाली काङ्ग्रेस पार्टीको तर्फबाट २०४८ र २०५६ सालको निर्वाचनमा बारा जिल्लाको क्षेत्र नं. ३ बाट प्रतिनिधि सभाको सदस्यमा निर्वाचित हुनु भएको थियो।

यो बैठक स्वर्गीय गौतमप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दै शोक-सन्तप्त परिवारजनप्रति गहिरो समवेदना प्रकट गर्दछ।"

ख. "पूर्व मन्त्री, संविधानसभा सदस्य एवं प्रतिनिधि सभाका पूर्व सदस्य मोहम्मद आफ्ताव आलमको ६३ वर्षको उमेरमा मिति २०८२ साल कार्तिक २२ गते काठमाडौंको सिनामङ्गल स्थित काठमाडौं मेडिकल कलेजमा उपचारको क्रममा निधन भएकोमा राष्ट्रिय सभाको यो बैठक गहिरो शोक प्रकट गर्दछ।

स्वर्गीय आलम नेपाली काङ्ग्रेस पार्टीको तर्फबाट २०५३ सालको उपनिर्वाचन, २०५६ सालको आमनिर्वाचन, २०६४ सालको संविधानसभाको निर्वाचन र २०७४ सालको प्रतिनिधि सभा निर्वाचनमा रौतहट जिल्लाको क्षेत्र नं. २ बाट निर्वाचित हुनु भएको थियो।

यो बैठक स्वर्गीय आलमप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दै शोक-सन्तप्त परिवारजनप्रति गहिरो संवेदना प्रकट गर्दछ।"

ग. "राष्ट्रिय सभाका पूर्व सदस्य कृष्ण कुमारी श्रेष्ठको ८४ वर्षको उमेरमा मिति २०८२ साल मङ्सिर १० गते निधन भएकोमा राष्ट्रिय सभाको यो बैठक गहिरो शोक प्रकट गर्दछ।

स्वर्गीय श्रेष्ठ नेपाली काङ्ग्रेस पार्टीको तर्फबाट राष्ट्रिय सभाको सदस्य हुनु भएको थियो।

यो बैठक स्वर्गीय श्रेष्ठप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दै शोक-सन्तप्त परिवारजनप्रति गहिरो संवेदना प्रकट गर्दछ।"

घ. "पूर्व मन्त्री, प्रतिनिधि सभा एवं राष्ट्रिय सभाका पूर्व सदस्य आमोद प्रसाद उपाध्यायको ९१ वर्षको उमेरमा मिति २०८२ साल मङ्सिर २७ गते निधन भएकोमा राष्ट्रिय सभाको यो बैठक गहिरो शोक प्रकट गर्दछ।

स्वर्गीय उपाध्याय नेपाली काङ्ग्रेस पार्टीको तर्फबाट २०४८ सालमा राष्ट्रिय सभा सदस्यमा मनोनीत, २०५६ सालको उपनिर्वाचनमा मोरङ्ग जिल्लाको क्षेत्र नं. १ बाट प्रतिनिधि सभा सदस्य, २०६२/६३ को ऐतिहासिक जनआन्दोलन पश्चात पुर्नस्थापित व्यवस्थापिका संसदको सदस्य र २०६४ सालमा मोरङ क्षेत्र नं. १ बाट संविधानसभा सदस्य निर्वाचित एवं २०५६ सालमा शिक्षा तथा खेलकुद मन्त्री हुनु भएको थियो।

यो बैठक स्वर्गीय उपाध्यायप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दै शोक-सन्तप्त परिवारजनप्रति गहिरो संवेदना प्रकट गर्दछ।"

ङ. "पूर्व मन्त्री एवं प्रतिनिधि सभाका पूर्व सदस्य होमनाथ दाहालको ७४ वर्षको उमेरमा मिति २०८२ साल पुस २५ गते निधन भएकोमा राष्ट्रिय सभाको यो बैठक गहिरो शोक प्रकट गर्दछ।

स्वर्गीय दाहाल नेपाली काङ्ग्रेस पार्टीको तर्फबाट २०५६ सालको आमनिर्वाचनमा ओखलढुङ्गा जिल्लाको क्षेत्र नं. १ बाट प्रतिनिधि सभा सदस्यमा निर्वाचित एवं कृषि तथा सहकारी मन्त्री हुनु भएको थियो।

यो बैठक स्वर्गीय दाहालप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दै शोक-सन्तप्त परिवारजनप्रति गहिरो संवेदना प्रकट गर्दछ।"

माननीय सदस्यहरू, उक्त शोक प्रस्तावहरूलाई पारित गरि दिन हुन अनुरोध गर्दछु।

माननीय सदस्यहरू, उपरोक्त शोक प्रस्तावहरू सर्वसम्मतिले पारित भएको घोषणा गर्दछु।

माननीय सदस्यहरू, अब पूर्व मन्त्री एवं प्रतिनिधि सभाका पूर्व सदस्य ऋषिकेश गौतम, पूर्व मन्त्री, संविधानसभा सदस्य एवं प्रतिनिधि सभाका पूर्व सदस्य मोहम्मद आफ्ताव आलम, राष्ट्रिय सभाका पूर्व सदस्य कृष्ण कुमारी श्रेष्ठ, पूर्व मन्त्री, प्रतिनिधि सभा एवं राष्ट्रिय सभाका पूर्व सदस्य आमोद प्रसाद उपाध्याय र पूर्व मन्त्री एवं प्रतिनिधि सभाका पूर्व सदस्य होमनाथ दाहालको निधनप्रति शोक व्यक्त गर्न उठेर १ मिनेट मौन धारण गरौं।

माननीय सदस्यहरू, राष्ट्रिय सभाको अर्को बैठक २०८२ साल माघ १३ गते मङ्गलवार १ बजेर १५ मिनेटमा बस्ने गरी यो बैठक यहीँ स्थगित हुन्छ।

(तदनन्तर, अर्को बैठक २०८२ साल माघ १३ गते मङ्गलवार अपराह्न १ बजेर १५ मिनेटमा बस्ने गरी यो बैठक यहीँ स्थगित भयो।)

**स्थगितः १५:१७ बजे।**